# इन्टरनेट अनुभव गरिरहेका पहिचानहरु

## नेपाल सर्भेक्षण प्रतिवेदन



Body & Data

इन्टरनेट अनुभव गरिरहेका पहिचानहरु: नेपाल सर्भेक्षण प्रतिवेदन

लेखकः शुभ कायष्ठ, ममता पोखरेल

नेपाली अनुवाद : कैलाश राई

सम्पादकः शुभ कायष्ठ

योगदानकर्ताहरू: दोभान राई, भाले भाले, कविता बाहिङ्ग राई, कविता रतूडी, श्रेया योञ्जन, श्रिपा प्रधान, श्रीनिधि राघवन, टिगिस्ट एस्. हुसेन

भाषा सम्पादन: रिता बरामु, कविता राई

ग्राफिक डिजाइन र चित्रकला: सुप्रिया मानन्धर

इन्टरनेट अनुभव गरिरहेका पहिचानहरु: नेपाल सर्भेक्षण प्रतिवेदन

बडी एण्ड डाटाद्वारा प्रकाशित

२०७७
https://bodyanddata.org/

Body & Data

APC ASSOCIATION FOR PROGRESSIVE COMMUNICATIONS

AMPLIFYCHANGE

# विषयसूची


संक्षिप्त रुप 4

आभार 5

परिचय 6

- परिवर्तित नीति र कानूनी परिदृश्य 6
- अध्ययनको उद्देश्य 8

अध्ययन विधि र सीमा 9

- अनुसन्धान सहभागीहरूलाई बुझ्दा 10
- सहभागीहरूको अन्तरसम्बद्ध पहिचान 10
- सहभागीहरूले बोल्ने वा प्रयोग गर्ने भाषा 10

पहुँच र प्रयोग 12

- पहुँचको थलो 14
- इन्टरनेट प्रयोग गर्ने दक्षता 14
- इन्टरनेटको प्रयोग 14
- यौनिक अभिव्यक्तिको लागि इन्टरनेटको प्रयोग 15
- इन्टरनेटको उपभोक्ता र इन्टरनेट सामाग्री निर्माता 16

स्वायत्तता र अभिव्यक्ति 19

- इन्टरनेट चलाउने उपकरणमा नियन्त्रण 20
- इन्टरनेटको प्रयोगमा लैंगिकता र यौनिक पहिचानको प्रभाव 20
- इन्टरनेटले परिवर्तन गरेको लैंगिक र यौनिक पहिचानको बुझाई 20
- स्व-अभिव्यक्तिका लागि इन्टरनेट 21

अनुभव 25

- इन्टरनेटमा तपाईको अनुभव सुखद रह्यो? 25
- अनलाइन हिंसा 26
- हिंसाप्रतिको प्रतिक्रिया 27
- हिंसामा संलग्नता 28

अध्ययनको मुख्य नतिजा 30

- पहुँच र प्रयोग 30
- स्वायत्तता र अभिव्यक्ति 31
- अनुभव 32

निष्कर्ष र अबको बाटो 33

अनूसुची 35

# संक्षिप्त रुप

| | |
|---|---|
| APC | Association of Progressive Communication |
| ETA | Electronic Transaction Act |
| ICT | Information Communication and Technology |
| IT | Information Technology |
| LGBTIQA+ | Lesbian Gay Bisexual Transgender Intersex Queer Asexual |
| NGO | Non- Governmental Organisation |
| PWD | Persons with Disabilities |
| SDG | Sustainable Development Goals |
| WMC | Women and Media Collective |

Body & Data

APC ASSOCIATION FOR PROGRESSIVE COMMUNICATIONS

AMPLIFYCHANGE

# आभार

यो अनुसन्धानमा विभिन्न क्षेत्रका व्यक्तिहरूको काम र समर्थन सम्मिलित छ। यस कार्यमा सम्मिलित सम्पूर्णप्रति आभार प्रकट गर्दछौँ। सर्वप्रथम, अन्तर्वार्ता तथा उत्तरदाता सर्वेक्षणको हिस्सा बनेका अनुसन्धान सहभागीहरूप्रति कृतज्ञ छौँ। उहाँहरूको संलग्नत बेगर यो काम सम्पन्न हुन सक्दैनथ्यो। यो सर्भेक्षणको लागि तथ्याङ्क संकलनको बखत विभिन्न पक्षहरूको संयोजन गर्ने कविता रतूडीसहित कविता बाहिङ राई, श्रेया योञ्जन र श्रिपा प्रधान, तथ्याङ्क विश्लेषण एवं प्रतिवेदन लेखनको पाटो सम्हाल्ने ममता पोखरेल, चार्टहरूमार्फत् तथ्याङ्कको श्रव्य-दृश्य प्रस्तुतीका लागि दोभान राई र तथ्याङ्क विश्लेषण, सम्पादन, ग्राफिक डिजाइन र चित्रकलाको लागि सुप्रिया मानन्धरलाई विशेष धन्यवाद।

प्रतिवेदनलाई यो स्वरुपमा ल्याइ पुर्याउन र तथ्यांक विश्लेषण तथा लेखन प्रक्रियामा सहयोग पुर्याउने श्रीनिधि राघवन, भाले भाले र टिगिस्ट एस. हुसेन; र फेलो पार्टनर इरोटिक्स दोस्रो चरणको परियोजना भारतको दृष्टिकोण, घोषा एण्ड विमेन एण्ड मिडिया कलेक्टिभ इन श्रीलंका, र बंगलादेशका पार्सा सजिद प्रति आभार। यस अनुसन्धानलाई एपीसीमार्फत् आर्थिक सहयोग गर्नुहुने एम्प्लिफाइ चेन्जलाई पनि धन्यवाद दिन चाहन्छौँ। साथै प्रतिबेदनलाई नेपाली भाषामा अनुवाद गर्नुहुने कैलाश राईलाई र सहपाठी मुल्यांकनका लागि रीता बरामुलाई पनि धन्यवाद ज्ञापन गर्दछौ।

शुभ कायष्ठ

# परिचय

नेपाल टेलिकम प्राधिकरणले ब्रोडब्याण्ड इन्टरनेट सब्क्रिप्सन दर शतप्रतिशत[1] पुर्याउने योजना बनाएको छ (पछिल्लो तथ्याङ्कअनुसार ७१ प्रतिशत पुगेको छ)। मोबाइल कनेक्टिभिटी दर कूल जनसंख्याको १४८ प्रतिशत नाघेको छ भने सक्रिय सामाजिक सञ्जाल प्रयोगकर्ताको जनसंख्या ३५ प्रतिशत छ।[2] यद्यपि लिंग, अपाङ्गता र भौगोलिक क्षेत्रको आधारमा स्पष्ट डिजिटल आँकडा थाहा पाउन सकिने खण्डीकृत तथ्याङ्कको अभाव छ। सस्तो इन्टरनेट भएको मुलुकहरूमध्ये नेपाल १३ औं स्थानमा पर्दछ[3], तैपनि नागरिकहरूको प्रतिव्यक्ति आयअनुसार इन्टरनेटको मूल्य अझै पनि उच्च छ।

इन्टरनेट प्रयोग गर्ने क्षमता, पहुँच र डिजिटल साक्षरता अझैपनि महत्वपूर्ण सरोकारका विषय हुन्। नेपाल सरकारले सूचना, सञ्चार तथा प्रविधिसम्बन्धी नीति र इ-सुशासन गुरू योजनासहित सूचना, सञ्चार र प्रविधिको विकासका लागि डिजिटल नेपाल फ्रेमवर्क ल्याएको छ। तैपनि, फेर्मवर्कका योजनाहरू विश्वव्यापी मानकतत्वहरू जस्तैः दिगो विकास लक्ष्यजस्ता सार्वजनिक सेवामा पहुँचको एकरेखीय वृद्धिको मान्यतामा आधारित छन्। त्यस्तो फ्रेमवर्कले प्रविधि र इन्टरनेटमा सीमान्तकृत समुदायहरूको पहुँचको हकमा यथावत रहेको सामाजिक-सांस्कृतिक बाधा-व्यवधानहरूलाई नगण्य रुपमा संबोधन गर्दछ। त्यहीमाथि नागरिकहरूलाई डिजिटल जीवनमा संलग्न हुनको लागि सुरक्षित र संरक्षित स्थान उपलब्ध गराउने रणनीति ल्याएकै छैन।

इन्टरनेट नेपालका नागरिकहरूको दैनिक जनजीवनको हिस्सा बन्दै जाने क्रम तीव्र छ। सरकारको अनलाइन उपस्थिति पनि दह्रो र कडा बन्दै गइरहेको छ। नीति र कानूनी पक्षहरूमा पनि तीव्र परिवर्तन भइरहेका छन्। संघीय नेपालको नयाँ र मुख्य कानूनहरू ल्याएर सरकारले नागरिकहरूको अनलाइन अभिव्यक्ति संकुचन गरेको छ। इन्टरनेट सामाग्री वा विषयवस्तुहरूमा पनि सरकारी नियन्त्रण बढ्दो छ। नैतिकता, श्लीलता, राष्ट्रिय सार्वभौमिकता र सामाजिक सद्भावको आडमा अनलाइन व्यवहार र क्रियाकलापहरूको अपराधीकरण गर्ने काममा बृद्धि भइरहेको छ। जब नागरिकहरूले आफ्नो स्वतन्त्रता गुमेको कुरामा प्रतिवाद र प्रतिरोध गर्छन् तब नेपाली समाजमा कसको आवाज सुनिन्छ, कस्को मागहरू पूरा गरिन्छन् र कस्को आवाजहरूले कहिल्यै स्थान पाउँदैनन् भन्ने खालका दोषयुक्त पक्षहरू देखा पर्छन्। इन्टरनेटको लोकतान्त्रिक थलोहरूको हकमा पनि यही कुरा लागू भएको छ।

भर्खरै सूचना प्रविधि विधेयक (२०७५), मिडिया काउन्सिल विधेयक (सन् २०२०) र विशेष सेवा विधेयक (२०७६) लगायतका कानूनहरू ल्याइएका छन्। यी कानूनहरूमार्फत् नेपालमा अभिव्यक्ति स्वतन्त्रतामाथि निषेध लगाउने कार्यलाई बढाउदै लगिएको छ। यसले महिला तथा क्वेयर व्यक्तिहरूको अनलाइन यौनिक अभिव्यक्तिमाथि सम्झौता गरिने सम्भावना उच्च बनाउदै लगेको छ। किनकी जुन देशमा कानूनी र न्यायिक व्यवस्थामै लैंगिक अन्याय व्याप्त छ त्यहाँ सीमान्तकृत समूहहरूले अनलाइनमा आफूलाई अभिव्यक्त गर्दा उनीहरूमाथि हुने हिंसा र हानीबाट जोगाइदैन। त्यसमाथि प्रविधि र इन्टरनेटमा पहुँच राख्ने र नराख्ने जनसंख्यावीच ठूलो खाडल छ। नेपालका सबै समुदायहरूले लाभ लिँदैनन् र उनीहरूको आर्थिक अवस्था, अपाङ्गता भएको पृष्ठभूमि, जात-जातीयता, भौगोलिक अवस्थिति, लैंगिकता र यौनिकताबाटै विभेद सिर्जना गरिएको छ।

यो प्रतिवेदनले नेपालमा इन्टरनेट प्रयोगको पछिल्लो प्रवृत्तिलाई दर्शाउनेछ। प्रतिवेदनमा काठमाडौँ उपत्यकाका र त्यस वरपर बसोबास गर्ने १९६ जनाबीच गरिएको सर्भेक्षणबाट प्राप्त नतिजा र इन्टरनेटलाई थप समावेशी, संयमित र नारीवादी बनाउनको लागि सुझाव समावेश गरिएको छ।

## परिवर्तित नीति र कानूनी परिदृश्य

नेपालको नयाँ संविधान, २०७२ जारी गरि संघीय राज्य बनाएपछि रफ्तारमा नयाँ ऐन, विधेयक र निर्देशिकासहित इन्टरनेटसम्बन्धी कानूनी र नीतिगत परिवर्तनहरू भएका छन्। न्यूजिल्याण्डको मानव अधिकार मापन अभियानले अभिव्यक्ति र विचारको स्वतन्त्रतासम्बन्धी गरेको एक सर्भेक्षणअनुसार नेपालले १० मध्ये ३.९ अर्थात् थोरै अंक प्राप्त गरेको थियो। त्यस्तै, सन् २०१९ को विश्व प्रेस स्वतन्त्रता सूचकांकले प्रकाशित गरेको रिपोर्टर्स् विदाउट बोडर्स

1 Nepali Telecom. 2020. Mobile, Internet and broadband penetration in Nepal.https://www.nepalitelecom.com/2017/07/mobile-internet-broadband-penetration-nepal.html

2 Data Reportal. (2020). Digital 2020: Nepal. https://datareportal.com/reports/digital-2020-nepal

3 Cheapest internet in the world: 2021 country rankinghttps://www.atlasandboots.com/remote-work/countries-with-the-cheapest-internet-world/

नामक प्रतिवेदनमा नेपाल १०६ औं स्थानमा परेको छ। जुन सन् २०१८ मा नेपालले ओगटेको स्थानभन्दा ६ स्थान तल खस्केको हो।[4]

अझ, सन् २०१८ मा सरकारले पुराना राष्ट्रिय कानूनी कोडलाई नयाँ पेनल कोडसहितको मुलुकी ऐनद्वारा विस्थापित गर्यो। जुन ऐनले आफ्नै खालको पश्चगामी प्रावधानहरू ल्यायो। ह्यूम्यान राइट्स वाचले उल्लेख गरेअनुसार "संविधानले यौनिक अभिमुखीकरण र लैंगिक पहिचानलाई मौलिक हकको रुपमा पहिचान गरेपनि अपराधसंहिता सम्बन्धी कानूनमा उक्त प्रावधान समावेश नै गरेन। जुन कुरा संविधानसँग बाँझिएको छ। त्यसमाथि, नेपालसँग यौनिक अल्पसंख्यकहरूको अधिकारहरू संरक्षित गर्ने धेरै बाटाहरू-जस्तो कि तेस्रो लिंगीको स्वपहिचानलाई कानूनी मान्यता दिएको- भएपनि नयाँ कानूनले महिला र पुरुषबीच हुने वैवाहिक सम्बन्धलाई मात्रै मान्यता दियो।"[5] सोहीअनुरुप, नागरिकतासम्बन्धी ऐन संशोधन प्रस्ताव पारित भएको खण्डमा कुनै व्यक्तिले आफू जन्मँदाको बखत लिएर आएको लैंगिक पहिचानभन्दा भिन्न लैंगिक पहिचान अपनाउन चाहेमा त्यस्तो लैंगिक पहिचान परिवर्तन गर्नको लागि गरेको सर्जरीको 'प्रमाण' पेश गर्नु अनिवार्य हुनेछ।[6] यद्यपि नेपालमा 'अन्य'को रुपमा नागरिकता र राहदानी बनाउने प्रावधान भने छ।

सन् २०१९ मा विद्युतीय कारोबार ऐनले अनलाइनका आलोचक आवाजहरूलाई मनोमानी ढंगले बन्द गर्यो, जसमा पत्रकार, फिल्म समीक्षक, हाँस्य व्यङ्ग्यकार र गायकलगायत परेका थिए। सन् २०१९ को जुनमा हाँस्य व्यङ्ग्यकार प्रनेश गौतमलाई व्यङ्ग्यात्मक फिल्म समीक्षा गरी यूट्यूवमा हालेको अभियोगमा प्रहरीले गिरफ्तार गर्यो। त्यसपछि अक्टोबरमा, सांगीतिक कलाकार दुर्गेश थापा र भी-टेन नामले परिचित समीर घिसिङलाई उनले गाएको गीतको शब्दको कारण देखाइ गिरफ्तार गर्यो। समीर घिसिङ उर्फ भी-टेन, दुर्गेश थापा र पशुपति शर्मा तीनैजनाले सामाजिक मान्यताहरू बिरुद्ध वकालत गरेको आरोप खेप्दै आफ्ना गीतहरू युट्यूबबाट झिक्न बाध्य हुनु परेको थियो।[7] यद्यपि सरकारले दुर्गेश र भी-टेनलाई गिरफ्तार गरेवापत नागरिक समाज र आम जनसमुदायबाट व्यापक विरोध र आलोचना खेप्यो। गिरफ्तार गरेको केही दिनपछि उनीहरूलाई मुक्त गरेको थियो। यी घटनाहरूले नेपालका नागरिक तथा सामाजिक स्वतन्त्रता संकुचन गर्ने र बन्देज लगाउने नेपाल सरकारको कदम बढ्दै गएको स्पष्ट पार्छ।

फ्रिडम फोरमको एक प्रतिवेदनले देखाएअनुसार अप्रिल २०१८ देखि अप्रिल २०१९ सम्ममा १०४ वटा प्रेस स्वतन्त्रता हननका घटनाहरू भएका थिए। उक्त संख्या सन् २०१७ मा अंकित भएको संख्याभन्दा लगभग दुइगुणाले बढी हो। केही घटनाहरूको समाचार लेखेवापत पत्रकारहरूमाथि भौतिक हमला गर्ने र उनीहरूविरुद्ध मुद्दा लगाइनेदेखि उनीहरूलाई मार्नेसम्मको धम्की दिने गरेका यथेष्ट घटनाहरू छन्।

अहिले मस्यौदा निर्माणको क्रममा रहेको सूचना प्रविधि विधेयक (जुन मस्यौदा लेखनको क्रममा रहेको छ) लाईप्रत्येक व्यक्तिको व्यक्तिगत जीवनमा वृहत पहुँच राख्नका लागि सर्तहरू स्थापित गर्न प्रयोगमा ल्याउन सकिने देखिन्छ। खासगरी अभिव्यक्ति स्वतन्त्रतालाई अझ मजबुत तरिकाले नैतिकताको कसीमा राख्नको लागि प्रयोग गरिने सम्भावना छ।

यो मस्यौदाले अहिले कार्यान्वयनमा रहेको विद्युतीय कारोबार ऐनलाई विस्थापिन गर्ने छ। सूचना तथा प्रविधि विधेयकको धारा ९४(१)ले लामो कार्यसूची र जानकारी समेटेको छ। जसअन्तर्गत कसैलाई जिस्काउने, धोका दिने, कसैको आत्मसम्मानमा आँच पुर्याउने, कसैलाई दुरुत्साहन गर्ने, गालीगलौज गर्ने, घृणा फैलाउने, चरित्र हत्या गर्ने र कसैको बारेमा दुष्प्रचार वा कुप्रचार गर्ने[8] खालका विषयवस्तु र सूचनाहरू सामाजिक सञ्जालमा पोष्ट गर्न नहुने कुराहरूको सूची रहेका छन्। साथै, पाँच वर्षसम्मको कैद र १५ लाख रुपैयाँ (१३ हजार डलर बराबर) सम्मको जरिवानासहित कडा सजायको व्यवस्था पनि गरिएको छ।

महिला, क्वेयर र आदिवासी-जनजाति लगायतका सीमान्तकृत समुदायहरूमा उक्त ऐनले पार्न सक्ने प्रभावबारे बडी एण्ड डाटाको विश्लेषणले देखाएअनुसार अस्पष्ट र वृहत भाषाको प्रयोगले सहमतिमै अभ्यास गरिने यौनिकतासँग सम्बन्धित क्रियाकलाप र व्यवहारहरूलाई "अश्लीलता"को नाममा निषेध गर्ने र अपराधीकरण गर्ने सम्भावना देखिन्छ।[9] त्यसले अभिव्यक्ति स्वतन्त्रताको अधिकार र गोपनीयताको

4 Rai, B. (2019). People in Nepal are not enjoying their civil rights and political freedoms, new human rights report says. The Kathmandu Post. Retrieved fromhttps://kathmandupost.com/politics/2019/06/07/people-in-nepal-are-not-enjoying-their-civil-rights-and-political-freedoms-new-human-rights-report-says

5 Human Rights Watch. (2018). Nepal Events of 2018. Retrieved fromhttps://www.hrw.org/world-report/2019/country-chapters/nepal

6 The Kathmandu Post. (2019). Right to choose.https://kathmandupost.com/editorial/2019/03/19/right-to-choose

7 Pant. S., & Baral. S.,(2019). Social movements in 2019. The Kathmandu Post. Retrieved fromhttps://tkpo.st/2MIAHlr

8 Online Khabar. (2019). Why are IT Bill and Special Service Bill controversial? Retrieved from https://english.onlinekhabar.com/why-are-it-bill-and-special-service-bill-controversial.html

9 Body & Data. (2019). Analysis of the IT Bill 2019.https://files.bodyanddata.org/nextcloud/index.php/s/WCRo3DL6XcBGLiJ#pdfviewer

हकको प्रयोग गर्ने सीमान्तकृत समुदायको क्षमतालाई पनि कमजोर पार्छ।[10]

यी नयाँ घटनाक्रमहरूले स्व-अभिव्यक्तिको दायरा निरन्तर खुम्च्याइरहेको पृष्ठभूमिको प्रतिनिधित्व गर्छ। त्यही पृष्ठभूमिमा रहेर हामीले अनलाइन स्व-अभिव्यक्ति, यौनिकताको अभिव्यक्ति र हिंसाबारे अध्ययन गरेका छौँ।

अरूबेलाको तुलनामा यस्तोबेला व्यक्तिहरूले कसरी आफ्नो स्व-अभिव्यक्तिको लागि इन्टरनेटको प्रयोग गर्दछन् भनेर बुझ्नु महत्वपूर्ण हुन्छ। जसबाट हामीले अनलाइनमा उपलब्ध महत्वपूर्ण ठाउँ ओगट्न, त्यस्तो ठाउँ अतिक्रमण हुँदा प्रतिवाद गर्न र त्यस्ता ठाउँ अझ बढी उपलब्ध होउन् भनेर सुनिश्चित गर्न सक्छौँ।

## अध्ययनको उद्देश्य

यो अध्ययनको उद्देश्य निजी जीवन र कामकाजको सन्दर्भमा नेपालीहरूको इन्टरनेट र प्रविधिमाथिको पहुँच र प्रयोगबारे व्याख्या गर्नु हो। त्यसो गरिरहँदा, मानिसहरूले इन्टरनेटमा स्व-अभिव्यक्त हुनको लागि कसरी उनीहरूले आफ्ना एजेन्सी र स्वयत्तताको प्रयोग गरिरहेका छन् भन्ने कुरालाई पनि यस अध्ययनले नियालेको छ। अध्ययनले डिजिटल थलोहरूमा मानिसहरूले भोगीरहेका हिंसा र दूर्व्यवहारबारे पनि खोजी गरेको छ।

10 नागरिक समाजका सदस्यहरूसँगको आन्तरिक परामर्श र नारीवादी कोणबाट डेस्क समीक्षाको आधारमा बडी एण्ड डाटाले सूचना प्रविधि विधेयकको विश्लेषण गरेको हो। उक्त परामर्शमा वकिल, पत्रकार, मानव अधिकारकर्मी, महिला अधिकारकर्मीहरूको सहभागिता रहेको थियो, जसले उनीहरूको समुदायको अधिकारलाई उक्त विधेयकले कसरी प्रभाव पार्छ र नागरिकहरूको अभिव्यक्ति स्वतन्त्रता र गोपनीयतालाई कसरी कटौती गर्छ भन्ने चिन्ता व्यक्त गरेका थिए।

# अध्ययन विधि र सीमा


यो अध्ययन, सन् २०१९ मा काठमाडौँ उपत्यकाका २४० जना सहभागीहरूसँग गरिएको संख्यात्मक सर्भेक्षण फारममा आधारित छ। २४० वटा सर्भेक्षणहरूमध्ये १९६ सहभागीहरूको सर्भेक्षण फारमलाई मात्रै यस अध्ययनमा समावेश गरिएको छ। बाँकी फारमहरू आवश्यक सूचनाहरू अपुरो र गलत भरिएको पाइएको कारण अध्ययनमा समावेश गर्न सकेनौँ। एपीसी (APC) सँग मिलेर बडी एण्ड डाटाले सम्पन्न गरेको यो सर्भेका लागि अनलाइन सञ्जालमार्फत् र व्यक्तिगत तवरमै सहभागीहरूसम्म पुगेका थियौँ। सर्भेमा विविध जातजातीय पृष्ठभूमि र फरक फरक यौनिक अभिमुखीकरणबाट आएका लिंग, जातजाति, वर्ग र शारिरीक अवस्थाका १५ देखि ६५ वर्ष उमेर समूहका सहभागीहरू रहेका थिए। जसमा हामीले गैरसरकारी संस्थामा कार्यरत, सञ्चारकर्मी, यौनकर्मी, मनोरञ्जन क्षेत्र र विद्यार्थीहरू लगायतका भिन्न व्यवसायिक पृष्ठभूमिका सहभागीहरू समेट्यौँ। साथै हामीले व्यक्तिगत रुपमा काठमाडौँ वरपर रहेका आठवटा संघसंस्थाहरूको समेत भ्रमण गरेका थियौँ।

संकलित तथ्याङ्कहरूलाई एक्सेलमा कोड गरी अनुभव, पहुँच र अभिव्यक्तिको कोणबाट विश्लेषण गर्यौं। कुनैपनि खालका प्रवृत्ति र बान्कीलाई देख्न सकिने बनाउनको लागि जनसांख्यिक तथ्याङ्कहरूसँग सम्बन्धित रही विश्लेषणका लागि यस्तो वर्गीकरण गरेका हौँ। स्व-अभिव्यक्तिको महत्वबारे समावेश गरिएको एउटा खुला प्रश्नको उत्तरलाई हामीले “विषयगत” रूपमा विभाजन गरी गुणात्मक विश्लेषण गर्यौं।

हामीले प्राप्त गरेको तथ्याङ्कहरू खोतल्दै जाँदा हामीले समुदायभित्रै पनि सीमान्तकृत अवस्थामा रहीरहेकाहरूका अनलाइन जीवनका महत्वपूर्ण अन्तरदृष्टिहरूसमेत फेला पार्यौं। यहाँ भिन्न पृष्ठभूमिका व्यक्तिहरूको जीवनमा इन्टरनेट सुविधा कसरी उपलब्ध हुन्छ, र पहुँच, अभिव्यक्ति र हकअधिकारका लागि उपलब्ध अवसरहरूलाई नारीवादी दृष्टिकोणबाट कसरी हेर्न सकिन्छ भन्ने कथाहरू छन्।

नेपालमा दैनिक नयाँ ऐन कानूनहरूलाई पुस्तकको स्वरुपमा ढाल्ने क्रमसँगै द्रुत गतिमा राजनीतिक परिवर्तन पनि हुँदै गइरहेको छ। स्थानीय सरकारहरूमा सम्बन्धित समुदायहरूलाई प्रगति (वा दुर्गति)तर्फ डोर्याउने शक्ति निहित छ। यस्तो अवस्थामा यो अध्ययनले नेपालका युवा र महिलाहरूले इन्टरनेटलाई महत्वपूर्ण ठान्ने भएकोले यस्ता थलोहरूमा हुने वा गरिने स्व-अभिव्यक्ति र यौनिक अभिव्यक्तिहरूलाई कसरी कुनैपनि खालका आक्रमणहरूबाट सुरक्षित राख्न सकिन्छ भन्ने महत्वपूर्ण विचार प्रस्तुत गर्दछ। साथै मुख्य जोखिम र खतराजन्य पक्षहरू के के हुन्/छन् र आगामी दिनहरूका लागि कसरी तयारी गर्न सकिन्छ भन्नेबारे पनि सुझाउँछ।

**रोजगार पृष्ठभूमिको आधारमा सहभागीहरूको वर्गीकरण**



# अनुसन्धान सहभागीहरूलाई बुझ्दा

यो अध्ययन विश्लेषण काठमाडौं उपत्यकाकाभित्र अनलाइन र अफलाइनमार्फत् संकलित र सही र पूरा भरिएका १९६ सर्भे फारमहरूमा आधारित छ। सहभागीहरूमध्ये ५८ प्रतिशत २५ वर्ष वा त्यसभन्दा कम उमेर समूहका रहेका थिए। ३५ प्रतिशत सहभागीहरू २६-३५ वर्ष उमेर समूहका र ७ प्रतिशत भने ३६ वर्ष वा त्यसभन्दा माथिका उमेर समूहका रहेका थिए। झण्डै आधाजसो अर्थात् ४९ प्रतिशत अनुसन्धान सहभागीहरू विद्यार्थी, त्यसपछि गैरसरकारी संघसंस्थाहरूमा कार्यरत १७.५ प्रतिशत, निजी क्षेत्रमा कार्यरत ११ प्रतिशत र स्वतन्त्र रुपमा काम गरिरहेकाहरू ५.५ प्रतिशत रहेका थिए। जसमध्ये ४ प्रतिशत कलाकार र २.५ प्रतिशत मानवअधिकारकर्मी र थोरै संख्यामा अर्थात् १.५ प्रतिशत सरकारी क्षेत्रमा कार्यरत सहभागीहरू पनि रहेका थिए।

# सहभागीहरूको अन्तरसम्बद्ध पहिचान


हाम्रा अनुसन्धान उत्तरदाताहरूमा त्याचलैंगिक (कुनै व्यक्ति जसको जैविक लिङ्ग र लैंगिक पहिचान संरेखित हुन्छ वा समाजको अपेक्षा अनुसार मेल खान्छ [11]) महिलाको रुपमा आफुलाई पहिचान गराउनेहरू ६७ प्रतिशत अर्थात बहुसंख्यामा रहेका थिए। बडी एण्ड डाटाको कामकाजहरू बढीजसो महिला र क्वेयर समूह र समुदायप्रति केन्द्रित छन् र यो अध्ययनले पनि महिला र क्वेयर व्यक्तिहरूको अनलाइन अनुभवसम्बन्धी आवाजहरूलाई बाहिर ल्याउने काम गरेको छ। सर्भे सहभागीहरूमध्ये ६ प्रतिशत अपाङ्गता भएका, ३६ प्रतिशत आदिवासी जनजाति समुदायका, ७ प्रतिशतले आफूलाई बसाइसरी आएको आप्रवासीको रुपमा पहिचान गरेको, र ५ प्रतिशतले आफूलाई जातको आधारमा सीमान्तकरणमा परेको बताएका थिए। सर्भे सहभागीहरूमा १८ प्रतिशत यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको सहभागिता थियो।

# सहभागीहरूले बोल्ने वा प्रयोग गर्ने भाषा

सहभागीहरूले सर्भे फारम भर्नको लागि प्रयोग गरेको भाषासम्बन्धमा, ११ प्रतिशतले नेपाली र बाँकीले अंग्रेजी भाषामा सर्भे फारम भरेका थिए। सहभागीमध्येबाट ६ प्रतिशत अपाङ्गता भएका समुदायका थिए।

हाम्रा सर्भे सहभागीमध्ये धेरैजसो अर्थात् ४५ प्रतिशतले इन्टरनेट चलाउँदा नेपाली र अंग्रेजी, १५ प्रतिशतले अंग्रेजी, नेपालीसहित अर्को तेस्रो वा चौथो भाषासमेत प्रयोग गर्ने गर्छन्। नेपाली र अंग्रेजीबाहेक सहभागीहरूले प्रयोग गर्ने अरू भाषाहरूमा अन्य मुलुकका हिन्दी, जर्मन, फ्रेन्च भाषाहरू तथा नेपालकै आदिवासी जनजातीय भाषाहरू- नेपाल भाषा, तामाङ आदि रहेका छन्। तथ्याङ्कले देखाउँछ, बहुसंख्या अर्थात् ६२ प्रतिशत सहभागीहरूसँग बहुभाषामा इन्टरनेट चलाएको अनुभव छ। जम्मा ८ प्रतिशत सहभागीहरूले मात्रै इन्टरनेटमा नेपाली र ३० प्रतिशतले अंग्रेजी भाषा प्रयोग गर्ने गरेका छन्।

**सहभागीहरूले अनलाइनमा प्रयोग गर्ने भाषाहरू**




11 Kapali, R. (2019). *A dictionary of Queer and Feminist Vocabulary*. Rukshana Kapali, Queer Youth Group


पहुँच र प्रयोग

# पहुँच र प्रयोग

नेपालका बहुसंख्यक मानिसहरूले मोबाइलमार्फत् इन्टरनेट चलाउने गर्दछन्।[12] ९६ प्रतिशत घरधुरीसँग मोबाइल फोन रहेको र सन् २०१९ नोभेम्बरसम्ममा २१ लाख मोबाइल ब्रोडब्याण्ड सब्सक्राइब गरिएको तथ्याङ्क छ।[13] ती मोबाइल फोनमध्येमा आधाजसो स्मार्ट फोन रहेका छन्। सन् २०२० मा गरिएको एउटा मिडिया सर्भेले दुईवर्षमै "यूट्यूबको प्रयोगमा ह्वात्तै बृद्धि भइ"- शून्यदेखि एकैचोटि ६० प्रतिशतमा पुगेको देखाएको थियो।[14] मोबाइलमा इन्टरनेट प्रयोगकर्ताहरू बृद्धि हुनुमा "ग्रामीण भेगका प्रयोगकर्ताहरूको ठूलो योगदान छ। जहाँ धेरैजसोले फेसबुक र ट्वीटरजस्ता सामाजिक सञ्चाल चलाउने र भाइबर, म्यासेन्जर, ह्वाट्सएप र वीच्याट आदि मार्फत् कुराकानी आदानप्रदान गर्ने गरेका छन्।"[15]

इन्टरनेटको प्रयोगकर्ता एकाएक ह्वात्तै बृद्धि भएपनि देशभरमै इन्टरनेटसम्बन्धी सेवा सुविधाहरूको असमान बितरण भइरहेको छ र त्यस्ता सेवा सुविधाहरू शहरकेन्द्रित नै छन्। नीति निर्माताहरूले इन्टरनेट प्रयोगको लागि अतिआवश्यक पहुँच, गुणस्तर र सहुलियतपन निर्धारण गर्ने सामाजिक-आर्थिक पाटो बुझ्नको लागि जनसांख्यिक पक्षमा ध्यान दिनैपर्दछ।[16] सेवा सुविधामा गाउँ र शहरी क्षेत्रको विभाजनको अलावा वर्ग, जाति, लैंगिकता, यौनिकता वा अपाङ्गताजस्ता सीमान्तकृतहरूले इन्टरनेटमा पहुँच राख्नका लागि व्यवधान झेलीरहेका छन्। नेपालको एक ग्रामीण भेगमा गरिएको एउटा अनुसन्धानले सबै लिंगका मानिसले समान रुपमा मोबाइल फोनमा पहुँच राख्न र इन्टरनेट प्रयोगको सेवा लिन सक्नेगरी सेवा सुविधा उपलब्ध नगरिएको औंल्याएको थियो।[17]

यस्ता सेवा सुविधाहरूमा पहुँच हुनु र नहुनुबाहेक थप अरू सवालहरू पनि छन्। पितृसत्तात्मक नेपाली समाजमा अनलाइन र अफलाइन दुबै थलोहरूमा महिला र क्वेयर शरिरहरूमाथि कडा निगरानी राखिन्छ। संरक्षणवादी कोणबाट निर्मित कानूनी संरचनाले व्यक्तिलाई स्वतन्त्र रुपमा अभिव्यक्त हुनबाट रोक्छ। यदि उनीहरूले स्थापित मान्यताभन्दा बाहिर निस्केर आफूलाई स्वतन्त्र ढंगले अभिव्यक्त गरेमा अनैतिक र अश्लील ठहर्याइन्छन्। प्रायजसो इन्टरनेट र प्रविधि उपकरणसम्बन्धी तथ्याङ्कहरूले नेपाली समाजको वर्गीय संरचनालाई ध्यान दिन सकेका छैनन्। अझ, अनलाइन थलोहरू महिलाद्वेषी, समयौनिकद्वेषी, जातिवादी र सक्षमतावादी संकथन र दृष्टिकोणबाट मुक्त छैनन्। त्यसकारण सीमान्तकृत आवाजहरूले ती थलोहरूमा आफूलाई अभिव्यक्त हुन प्रायः स्वतन्त्र र सुरक्षित महशुश गर्दैनन्।

सामाजिक सुरक्षा भत्ता भुक्तानी, जन्म/ विवाह/ मृत्यु दर्तालगायतका महत्वपूर्ण कामकाज र नागरिकहरूले पाउनुपर्ने सेवालगायतका नेपाल सरकारले उपलब्ध गराउनुपर्ने आधारभूत सेवाहरू क्रमशः डिजिटल र अनलाइनमा रुपान्तरण गर्दै लगिएको छ। त्यसैले नेपालमा अहिले राष्ट्रिय डिजिटल प्रक्रियामा को-को पछाडि छुटीरहेका छन् भन्ने खालका प्रश्नहरू गरिनु एकदमै जरूरी छ। यस्ता डिजिटल विभाजन शहर र गाउँको मामिलामा मात्रै लागू हुँदैन, साक्षरता, लैंगिकता, उपकरणमाथिको पहुँच र तिनको प्रयोगमा स्वायत्तता, अपाङ्गता, प्रविधिमा दख्खल र भाषा जस्ता अन्य पक्षहरूमा पनि उत्तिकै लागू हुन्छ। सूचना सञ्चार र प्रविधिको विस्तार गर्ने राज्यको नीति विषमयौनिक लैंगिक पहिचानको दायरामा पर्ने मानिसहरूले इन्टरनेटमा पहुँच राखे-नराखेको विषयभन्दा फराकिलो हुनु आवश्यक छ। र, अनलाइन संलग्नताको हकमा विविध जनसांख्यिक समावेशीतालाई जोड दिनुपर्दछ।

12 Nepal Telecommunications Authority. (2020). MIS Report. Retrieved fromhttps://nta.gov.np/wp-content/uploads/MIS-2076-Mangsir.pdf

13 Nepal Telecommunications Authority. (2020). MIS Report. Retrieved fromhttps://nta.gov.np/wp-content/uploads/MIS-2076-Mangsir.pdf


14 Dixit. K., (2020). Mobile Nepal is hooked on YouTube. Retrieved fromhttps://www.nepalitimes.com/banner/mobile-nepal-is-hooked-on-youtube/

15 The Kathmandu Post. (2019). Half of Nepal prefer to access the internet via their mobile. Retrieved from http://kathmandupost.ekantipur.com.np/news/2019-07-10/half-of-nepal-prefer-to-access-the-internet-via-their-mobile.html


16 Regmi. N., (2017). Expectations versus reality: a case of internet in Nepal. Martin Chautari. Retrieved fromhttps://onlinelibrary.wiley.com/doi/pdf/10.1002/j.1681-4835.2017.tb00607.x

17 Pandey. S., & Raj. Y., (2016). Free float internet policies of Nepal. Retrieved fromhttp://www.martinchautari.org.np/files/SINHAS-Articles/SINHAS-Vol.21-No.1_Shailesh-Pandey-and-Yogesh-Raj.pdf

## इन्टरनेट कहाँबाट चलाउनुहुन्छ ?




## तल दिइएका कुराहरूमा तपाईको दक्षतालाई १ देखि १० मध्ये कति अंक दिनुहुन्छ ? (१० अंक दिनुको अर्थ "सहज रुपमा गर्ने सक्ने" र १ अंक दिनुको अर्थ "पहिले कहिल्यै नगरेको" हुन्छ ।)



## पहुँचको थलो

हाम्रो यस अध्ययनका प्रायःजसो सहभागीहरूसँग आ-आफ्ना घरमा इन्टरनेट सुविधा उपलब्ध थियो। त्यसबाहेकका ठाउँहरूको सन्दर्भमा, ६५ प्रतिशतसँग उनीहरूले काम गर्ने ठाउँहरूमा इन्टरनेटको सुविधा भएको, करिब ५० प्रतिशतले भ्रमणको बेलामा इन्टरनेट प्रयोग गर्ने गरेको र १६ प्रतिशतले क्याफे वा सार्वजनिक स्थलहरूमा रहँदा-बस्दा इन्टरनेट प्रयोग गर्ने गरेको पायौँ। इन्टरनेट चलाउने राष्ट्रिय प्रवृत्ति नियाल्दा, धेरैजसो सहभागीहरू अर्थात् ८० प्रतिशतले आफ्नो मोबाइल फोनमा इन्टरनेट चलाउने, २ प्रतिशतभन्दा कमले डेस्कटप कम्प्यूटरमा वा ट्यावलेटमा चलाउने र करिब ८ प्रतिशतले ल्यापटपमा नियमित रुपमा इन्टरनेट चलाउने गरेको पायौँ।

## इन्टरनेट प्रयोग गर्ने दक्षता


सहभागीहरूलाई हामीले आफ्नो इन्टरनेट चलाउने दख्खललाई आफैले मूल्याङ्कन गर्नुहोस् भनेका थियौँ। त्यसको परिणाममा, सञ्चार एवं कुराकानी साटासाट र अभिव्यक्तिको लागि डिजिटल थलोहरूमा उनीहरू संलग्न रहेको पायौँ। त्यसको लागि 'आधुनिक प्रविधिहरूमा विशेष ज्ञान राख्ने वा दक्ष हुने' भन्ने जुन खालको बुझाई राख्ने गरिन्छ, त्यस्तो क्रियाकलापमा संलग्न हुनैपर्छ भन्ने आवश्यक पनि थिएन। वेबसाइट बनाउने, कोडिङ र ब्लगिङ लगायतमा उनीहरूको संलग्नता र ज्ञानबारे सोधिएको प्रश्नमा अधिकांश सहभागीहरूले आफूमा भएको दख्खललाई पूरा १० नम्बरमध्ये १ देखि ५ सम्मको कम नम्बर दिइ स्व-मूल्याङ्कन गरेका थिए।

जबकी अनलाइन खोजी गर्ने र सामाजिक सञ्जालहरू प्रयोग गर्ने मामिलामा भने अधिकांशले मध्यमभन्दा माथि अर्थात् पूरा १० मध्ये ५ नम्बर दिएर आफूमा रहेको कौशलतको उच्च मूल्याङ्कन गरेका थिए। जसमा ७५.५ प्रतिशतले अनलाइनमा खोजी गर्ने र ५६.५ प्रतिशतले सामाजिक सञ्जाल चलाउन दख्खल राख्ने उत्तर दिएका थिए। त्यस्तै सहभागीहरूमध्ये ८२ प्रतिशतले अनलाइन खोजी र सामाजिक सञ्जाल चलाउन सक्ने खुबीलाई औसत मानेका थिए भने ३३ प्रतिशतले आफ्नो त्यस्तो कौशललाई शतप्रतिशत अर्थात् १० मा १० नम्बर दिइ उच्च मूल्याङ्कन गरेका थिए। सहभागीहरूमाझ प्रविधिसम्बन्धी ज्ञान हुँदाहुँदै पनि अधिकांशले सामाजिक सञ्जाल, फोरम र इन्टरनेटमा भएका समूहहरूमार्फत् इन्टरनेट चलाइरहेका छन्।

## इन्टरनेटको प्रयोग

हाम्रो सर्भेले देखाएअनुसार अधिकांश सहभागीहरूले सञ्चार, काम र आपसी सम्पर्क-सम्बन्ध निर्माण र विस्तारको लागि इन्टरनेट प्रयोग गर्ने गरेका छन्। हाम्रो सहभागीहरूमध्ये स्वास्थ्यसँग सम्बन्धित सूचना र जानकारीहरू इन्टरनेटमार्फत् लिनेहरूको संख्या ठूलो छ। सहभागीमध्ये उल्लेख्य संख्याले यौनिक अभिव्यक्ति र यौन-आनन्दको लागि पनि इन्टरनेट प्रयोग गर्ने गरेका छन्। त्यस्तै, ४९.५ प्रतिशतले डेटिङको लागि, ४५ प्रतिशतले सेक्सटिङको ( म्यासेज एप इत्यादीको प्रयोग गरि लिखित संदेश मार्फत दुई वा सो भन्दा बढी

### इन्टरनेट केका लागि चलाउनुहुन्छ ?




व्यक्तिहरुबीच यौनका कुराकानी र यौनान्द लिने काम ) लागि, ६९ प्रतिशतले पोर्न हेर्नको लागि, ६५ प्रतिशतले यौन सुख/आनन्दको लागि इन्टरनेट प्रयोग गर्ने गरेको बताएका थिए।

## यौनिक अभिव्यक्तिको लागि इन्टरनेटको प्रयोग

डेटिङ, पोर्नमा पहुँच, सेक्सटिङ र यौन सुख/आनन्दलगायतका हरेक कोटीका यौनिक अभिव्यक्तिसम्बन्धी गरिएको सर्भेमा कम्तीमा आधाजसो वा त्यसभन्दा बढी सर्भे सहभागीहरू अनलाइनमा हुने यस्ता यौनिक अभिव्यक्तिमा संलग्न रहेको पायौँ। यो सर्भे सानो आकारको नमूना संकलनमा आधारित छ। तापनि सहभागीहरूमध्येका उल्लेख्य संख्या आफ्नो यौनिक अभिव्यक्तिको लागि अनलाइनमा संलग्न रहेको तथ्यांक आफैमा विचारणीय छ। यो एउटा महत्वपूर्ण तथ्याङ्क हो, जसले डिजिटल माध्यममा हुने संवाद र सञ्चारमा यौनिक अभिव्यक्तिको पाटोलाई बेवास्ता गरिनु हुन्न भन्ने कुरा इंगित गर्छ।

आफूलाई विषमयौनिक ( बिपरित लैंगिकता प्रति यौन तथा प्रणयात्मक आकर्षण महसुस गर्ने)को रुपमा चिनाउने सर्भेका सहभागीहरूको तुलनामा यौनिक तथा लैंगिक अल्पसंख्यकको रुपमा चिनाउने सहभागीहरूले यौनिक अभिव्यक्तिको लागि बढी इन्टरनेटको प्रयोग गर्ने गरेको पायौँ। सर्भेमा, यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सहभागीहरूमध्ये ३६.८ प्रतिशतले पोर्न हेर्न र २८.९ प्रतिशतले यौन आनन्दको लागि 'सँधै' इन्टरनेट प्रयोग गर्ने गरेको पायौँ भने विषमयौनिक सहभागीहरूमध्ये क्रमशः १९ प्रतिशत र १० प्रतिशतले मात्रै सोही उद्देश्यका साथ 'सँधै' इन्टरनेट चलाउने गरेको पायौँ। यसको अर्थ, यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सहभागीहरूले आफूलाई अभिव्यक्त गर्न र आनन्दको खोजीको लागि विषमयौनिकहरूभन्दा बढी मात्रामा इन्टरनेट चलाउने गर्छन् भनेर भन्न सकिन्छ। किनकी यौनिक अभिव्यक्ति र यौन-आनन्दको लागि अफलाइन थलोहरू सबैको पहुँचमा छैनन्, खासगरी लैंगिक तथा यौनिक अल्पसंख्यकहरूका लागि झनै ती पहुँचयोग्य छैनन्।

### यौन-आनन्दका लागि इन्टरनेटको प्रयोग



## इन्टरनेटको उपभोक्ता र इन्टरनेट सामाग्री निर्माता

जम्मा १९६ सहभागीहरूमध्ये ७८.६ प्रतिशतले इन्टरनेटमा भएका सामाग्रीहरू दैनिक रुपमा हेर्ने गर्दछन्। तर इन्टरनेटमा त्यस्ता सामाग्रीहरू दैनिक निर्माण गर्नेहरूमा जम्मा २४.२ प्रतिशत मात्रै रहेका छन्। त्यस्ता सामाग्रीहरू साप्ताहिक र महिनावारी रुपमा निर्माण गर्ने काम बढी हुने गरेको पनि पायौँ। त्याचलैंगिक पुरुष सहभागीहरू मध्ये धेरैजना अर्थात् ८८.१ प्रतिशले दैनिक इन्टरनेट चलाउने, त्याचलैंगिक महिलाहरूमध्ये ७३.१ प्रतिशतले दैनिक इन्टरनेट चलाउने गरेको बताएका थिए। अनलाइन सामाग्री निर्माण गर्ने सन्दर्भमा ९४.४ प्रतिशत सर्भे सहभागीहरूले आफूलाई सामाग्री निर्माता मानेका थिए भने जम्मा ५.६ प्रतिशतले मात्रै कहिल्यै अनलाइन सामाग्री नबनाएको बताएका थिए। त्यस्तै, ४.६ प्रतिशतले इन्टरनेटका सामाग्रीहरू कहिल्यै प्रयोग नगरेको बताए, जसमा सबै त्याचलैंगिक महिला सहभागीहरू रहेका थिए।

सहभागीहरूको यौन अभिमुखीकरण पृष्ठभूमिको आधारमा उनीहरूको इन्टरनेट प्रयोग गर्ने बानीको विश्लेषण गर्दा, विषमयौनिक सहभागीहरू दैनिक र साप्ताहिक रुपमा इन्टरनेट प्रयोग गर्ने आवृत्तमा छरिएको पायौँ। यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सहभागीहरूमध्ये भने प्रायजसो अर्थात् ९४.७ प्रतिशतले दैनिक इन्टरनेट चलाउने र जम्मा २ जना अर्थात् ५.३ प्रतिशतले मात्रै इन्टरनेटमा कहिल्यै सञ्चार/संवाद नगरेको पायौँ। यसले विषमयौनिकभन्दा यौनिक तथा लैंगिक अल्पसंख्यकको रुपमा आफूलाई चिनाउने सहभागीहरू अनलाइन सामाग्रीको नियमित र गम्भीर उपभोक्ता हुन् भन्ने कुरा सुझाउँछ।

ख्याल राख्नुपर्ने एउटा कुरा, जब सहभागीहरूले आफूलाई अनलाइन सामाग्री निर्माताको रुपमा पहिचान गराए, त्यहाँ सहभागीहरूमाझ यौनिक अभिमुखीकरणको स्पष्ट खेमा छुट्टिएको छैन। जुनसुकै जनसांख्यिकीका उत्तिकै संख्याले त्यस्ता सामाग्रीहरू समान रुपमा निर्माण गर्ने गरेको पायौँ।

त्यसकारण हामी भन्न सक्छौँ, मानिसहरू इन्टरनेटमा उपलब्ध सामाग्रीहरूको निष्क्रिय उपभोक्ता मात्रै हैनन् बरू उनीहरू आफैले त्यस्ता सामाग्रीहरू बनाउने र आफूलाई इन्टरनेट सामाग्री निर्माताको रुपमा उभ्याउदै पनि आएका छन्।

त्यस्तैगरी, इन्टरनेटका सामाग्री कहिल्यै नबनाएको बताउने सहभागीहरूले समेत स्व-अभिव्यक्तिका लागि इन्टरनेट महत्वपूर्ण भएको धारणा राखेका थिए। आफूले कहिल्यै इन्टरनेट सामाग्री नबनाएको बताउने ११ जना सहभागीहरूमध्ये ६ जनाले स्व-अभिव्यक्तिका लागि

| उपभोक्ता | त्याचलैंगिक | | यौनिक तथा लैंगिक अल्पसंख्यक | | कूल | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| दैनिक चलाउने | ११८ | ७४.७ | ३६ | ९४.७ | १५४ | ७८.६ |
| साप्ताहिक चलाउने | ११ | ७.० | ० | ०.० | ११ | ५.६ |
| महिनाको एकपटक चलाउने | ८ | ५.१ | ० | ०.० | ८ | ४.१ |
| बिरलै चलाउने | १४ | ८.९ | ० | ०.० | १४ | 7.1 |
| कहिल्यै नचलाउने | ७ | ४.४ | २ | ५.३ | ९ | ४.६ |
| कूल | १५८ | १००.० | ३८ | १००.० | १९६ | १००.० |

| निर्माता | त्याचलैंगिक | | यौनिक तथा लैंगिक अल्पसंख्यक | | कूल | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| दैनिक चलाउने | ३८ | २३.८ | १० | २६.३ | ४८ | २४.५ |
| साप्ताहिक चलाउने | ३६ | २३.१ | ९ | २३.७ | ४५ | २३.० |
| महिनाको एकपटक चलाउने | ४१ | २५.६ | ११ | २८.९ | ५२ | २६.५ |
| बिरलै चलाउने | ३३ | २१.३ | ७ | १८.४ | ४० | २०.४ |
| कहिल्यै नचलाएको | १० | ६.३ | १ | २.६ | ११ | ५.६ |
| कूल | १५८ | १००.० | ३८ | १००.० | १९६ | १००.० |

| इन्टरनेट प्रयोग तालिका | उपभोक्ता | | निर्माता | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| दैनिक | १५४ | ७८.६ | ४८ | २४.५ |
| साप्ताहिक | ७८.६ | ५.६ | ४५ | २३.० |
| महिनाको एकपटक | ४८ | ४.१ | ५२ | २६.५ |
| बिरलै चलाउने | २४.५ | ७.१ | ४० | २०.४ |
| कहिल्यै नचलाउने | ९ | ४.६ | ११ | ५.६ |
| कूल | १९६ | १००.० | १९६ | १००.० |

इन्टरनेटको महत्व रहेको कुरामा शतप्रतिशत अर्थात् १० मा १० नम्बर दिएका थिए। सामान्य अनुमान अनुसार इन्टरनेट सामाग्री निर्माताहरू ती हुन् जसले इन्टरनेटलाई एकदमै महत्वको कुरा ठान्दछन्। हाम्रो सर्भेले देखाउँछ कि इन्टरनेट सामाग्री नियमित निर्माण नगर्नेहरूका लागि समेत इन्टरनेटमा अभिव्यक्त हुन सकिने सम्भावनाको पक्ष निकै महत्वपूर्ण छ।


स्वायत्तता र
अभिव्यक्ति

# स्वायत्तता र अभिव्यक्ति

इन्टरनेट प्रयोग गर्दा व्यक्ति स्वतन्त्र र स्वायत्त हुनु इन्टरनेटमा पहुँच राख्नु जत्तिकै महत्वपूर्ण छ। स्वायत्तता भन्ने कुरा एकदमै आधारभूत कुराहरूबाट शुरु हुन सक्छ , जस्तैः इन्टरनेट चलाउनको लागि आफ्नै उपकरण हुनु, सीम कार्ड हुनु वा त्यस्ता उपकरणमा पूर्ण रुपमा आफ्नै नियन्त्रण हुनु, आदि। स्वायत्तताको अर्थ सामाजिक बन्धनहरूबाट मुक्त वा स्वतन्त्र हुनु पनि हो, जस्तैः इन्टरनेट चलाउनको लागि अरूबाट अनुमति लिनु, वा स्व-अभिव्यक्ति र यौनिक अभिव्यक्तिको हकमा महत्वपूर्ण क्षणहरूमा अरूसँग असहमत हुनुलगायत पनि हुन सक्छन्। हामी सर्भे सहभागीहरूका लागि इन्टरनेटमा स्वायत्तता सुनिश्चित गर्ने व्यक्तिगत स्वरूपहरूको खोजी गर्छौं जुन उस्तै सामाजिक मान्यता र मापदण्डहरूबिरुद्ध एकीकृत भएका एकपछि अर्को विद्रोहहरू हुन्।

स्वतन्त्रता र सशक्तिकरणको चर्चा गरिँदा एजेन्सीको सवाल जहिलेपनि अग्रपंक्तिमा राख्ने गरिन्छ। इन्टरनेटमा एजेन्सीको स्वरुप कस्तो हुन्छ वा देखिन्छ ? नारीवादी बुझाईहरूले इन्टनरनेटमा एजेन्सीको विविध स्वरुपहरू औँल्याएका छन्। जस्तो कि निजी वा सार्वजनिक जीवनका कुनचाहिँ पक्ष अनलाइनमा सेयर गर्ने/नगर्ने भन्ने सम्बन्धमा सुसूचित निर्णय लिन सक्ने हुनु महिलाको एजेन्सीको उदाहरण हो।[18] त्यस्तै, अनलाइनमा सुरक्षित रहन सक्ने हुनु पनि एजेन्सीको एक महत्वपूर्ण पाटो मानिन्छ।

केही समय अघि, काल्पनिक-आदर्शात्मक (यूटोपियन) साइबर नारीवादी आन्दोलनहरूले "इन्टरनेटलाई एक त्यस्तो भर्चुअल संसारको रुपमा कल्पना गरे जहाँ महिलाले आफ्नो शरिरलाई एकछिनलाई बिर्सेर 'वास्तविक' संसारमा निर्मित निषेधित लैंगिक भूमिकाहरूबाट मुक्त हुन सक्छन्"[19] भनेका थिए। आज वास्तविकता अर्कै भएको छ। एकपटक व्यक्तिलाई उसको शरिरसँग छुट्ट्याएर र व्यक्तिलाई अज्ञात राखेर इन्टनरनेटमा स्वतन्त्रता प्राप्त गर्न खोजियो, अहिले इन्टरनेट क्रमिक रुपमा व्यापारिक (कर्पोरेटिस्ट) बन्दै गएको छ। जहाँ हाम्रा तथ्याङ्कहरू 'बस्तु' हुन्। इन्टरनेटको काल्पनिक-आदर्शवादी (यूटोपियन) बुझाई अहिले त्यागिएको छ। बरू, ती निजी कर्पोरेट शक्तिहरू नारीवादी इन्टरनेट निर्माणमा लागि परेका छन्।

स्व-अभिव्यक्तितर्फ ध्यान दिँदा हामी महिला र क्वेयर व्यक्तिहरूले कुनैपनि खालका नियन्त्रण बिना स्व-अभिव्यक्ति दिनसक्ने ठाउँहरू अझै कहाँ-कहाँ छन् भनेर खोजी गर्छौं। हामी त्यस्तो स्व-अभिव्यक्तिको खोजीमा छौं जहाँ व्यक्तिहरू संलग्न हुन सकून्, जहाँ समुदाय वा पराइको बोध हुने कुरा जाँचबुझ गरिरहेका होउन्, र जहाँ अनलाइन हिंसा र सुरक्षाका अनुभवहरूका बारेमा कुरा गरिरहेका होउन्। यस्ता कुराहरूले नेपालमा इन्टरनेटले कस्तो स्वरुप धारण गर्दै गइरहेको छ, इन्टरनेटमा कस्ता खालका नयाँ संवादहरू हुने गरेको छ र व्यक्तिगत अभिव्यक्तिको लागि कसरी थलोहरू विस्तार हुँदै गइरहेका छन् भन्ने कुरा बुझ्न सघाउँनेछ।

सर्भे सहभागीहरूले इन्टरनेटमार्फत् अनलाइन ऐक्यबद्धता र उस्तै धारणा भएका मानिसहरूको खोजी गर्न सकेको, अफलाइन जीवनमा भएका शोषणहरूलाई कम्तीमा केही समयसम्म त्याग्न सकेको र स्वतन्त्र महशुश गर्न सकेको कुरा राखेका थिए। अझ, सहभागीहरूले अनलाइन हिंसा, अनलाइनमा उनीहरुलाई चुप लगाइएको, घृणित, लाञ्छित र तिरष्कृत बोध गराइएको वा सोझै भौतिक क्षति पुर्याउने खालका धम्कीहरूसमेत खेपेको घटना-अनुभवहरू पनि बताएका थिए। दिमागमा यस्ता आपसमा मेल नखाने विरोधाभाषी कुराहरू राख्दै इन्टरनेटमा निजी अनुभवहरूमा रहेको विविधतालाई सराहना गर्ने कोणबाट हामीले तथ्याङ्कलाई केलायौं।

| उपकरणमा नियन्त्रण | त्याचलैंगिक | | यौनिक तथा लैंगिक अल्पसंख्यक | | कूल | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| पूर्ण नियन्त्रण रहेको | १२७ | ८०.४ | ३५ | ९२.१ | १६२ | ८२.७ |
| केही नियन्त्रण रहेको | ३० | १९.० | ३ | ७.९ | ३३ | १६.८ |
| नियन्त्रण नभएको | १ | ०.६ | ० | ०.० | १ | ०.५ |
| कूल | १५८ | १०० | ३८ | १०० | १९६ | १०० |

18 Jones. R., (2017). The makings of a feminist internet.https://www.awid.org/news-and-analysis/makings-feminist-internet

19 Clark-Parsons. R., (2019). Toward a Feminist Approach to Digital Space.http://mediacommons.org/fieldguide/content/toward-feminist-approach-digital-space

## इन्टरनेट चलाउने उपकरणमा नियन्त्रण

हाम्रा सर्भे सहभागीहरूमध्ये ८२.७ प्रतिशतले इन्टरनेट चलाउने उपकरणमा 'पूर्ण नियन्त्रण' रहेको, झण्डै १६.८ प्रतिशतसँग उपकरणमा 'आंशिक नियन्त्रण' रहेको र एकजनाले अर्थात् ०.५ प्रतिशतले मात्र उपकरणमा आफ्नो 'नियन्त्रण नभएको' जनाएका थिए।

लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायबाट सर्भे सहभागी संख्या सानो भएपनि कूलमध्ये ९२.१ प्रतिशतले आफ्नो उपकरणमा पूर्ण नियन्त्रण रहेको बताएका थिए। त्याचलैंगिक कूल सहभागीहरूमध्ये भने ८०.४ प्रतिशतले आफ्नो उपकरणमा पूर्ण नियन्त्रण रहेको बताएका थिए।

उपकरणमा आंशिक वा केही नियन्त्रण राख्ने गरेको बताउने सहभागीहरूमध्ये ११ जना त्याचलैंगिक पुरुष र २२ जना त्याचलैंगिक महिला थिए। आफ्नो उपकरणमा नियन्त्रण नभएको बताउने १५-२० वर्ष उमेर समूहका त्याचलैंगिक महिलाहरू थिए।

## इन्टरनेटको प्रयोगमा लैंगिकता र यौनिक पहिचानको प्रभाव


त्याचलैंगिक महिला सहभागीहरूमध्ये अधिकांश अर्थात् ५९ प्रतिशतले आफ्नो लैंगिक पहिचानले इन्टरनेट प्रयोगमा प्रभाव पारेको अनुभव गरेको बताएका थिए। जबकी अधिकांश अर्थात् ५३ प्रतिशत त्याचलैंगिक पुरूषहरूले आफ्नो लैंगिक पहिचानका कारण इन्टरनेट प्रयोगमा कहिल्यै प्रभाव नपारेको अनुभव राखेका थिए।

संकलित सर्भे तथ्याङ्कले देखाउँछ, विषमयौनिक पहिचान जनाउँने ४१ प्रतिशत सहभागीहरूले उनीहरूको यौनिक पहिचानले इन्टरनेट प्रयोगमा कुनैपनि प्रभाव नपारेको बताए भने यौनिक तथा लैंगिक अल्पसंख्यकमध्येका जम्मा १३ प्रतिशतले मात्रै उनीहरूको यौनिक पहिचानले इन्टरनेट प्रयोगमा प्रभाव नपारेको जनाएका थिए। आधाभन्दा बढी अर्थात् ६९ प्रतिशत यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सर्भे सहभागीहरूले उनीहरूको यौनिक पहिचानले इन्टरनेट प्रयोगमा प्रभाव पारेको बताएका थिए।

विषमयौनिक पहिचानमा झुकाव राख्ने सहभागीहरूले उनीहरूको यौनिक पहिचानले इन्टरनेट प्रयोगमा प्रभाव नपारेको बताएपनि त्याचलैंगिक महिला र पुरूषको समूहमा विभाजन गरी उनीहरूको अनुभव-मत केलाउँदा कुनै त्यस्तो एकरुपता भेटिएन। ६०.४ प्रतिशत त्याचलैंगिक पुरुषले उनीहरूको पहिचानले इन्टरनेट प्रयोगमा असर नगरेको बताए भने त्याचलैंगिक महिलाहरूको उत्तरमा विविधता पायौं।


## इन्टरनेटले परिवर्तन गरेको लैंगिक र यौनिक पहिचानको बुझाई

तपाईको यौनिक पहिचानले इन्टरनेट प्रयोग गर्नमा असर पार्यो ?




| इन्टरनेटको प्रयोग ("छैन" भन्ने उत्तरदाता-हरू मात्र) | लैंगिकताले असर पारेको | | यौनिक पहिचानले असर पारेको | | लैंगिकता र यौनिकताको बुझाईमा परिवर्तन भएको | | भिन्न लैंगिक तथा यौनिकता भएका मानि-सहरूको हकमा विचार परिवर्तन भएको | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| त्याचलैंगिक पुरुष | ३१ | ५२.५ | ३० | ५०.८ | १२ | २०.३ | ९ | ८९.१ |
| त्याचलैंगिक महिला | ३४ | २६.२ | ३७ | २८.५ | ११ | ८.५ | १२ | २०.१ |

**इन्टरनेटमा पहुँच हुँदा विविध लैंगिकता र यौनिक पहिचान भएका मानिसहरूबारेको तपाईंको सोचमा परिवर्तन आयो**




सर्भे सहभागीहरूमध्ये ६६ प्रतिशतले इन्टरनेटका कारण लैंगिक एवं यौनिक पहिचानसम्बन्धि उनीहरुको आफ्नो बुझाईमा ‘अवश्य’ परिवर्तन भएको बताएका थिए भने १६ प्रतिशतले चाहिँ ‘कहिलेकाहीँ’ परिवर्तन भएको बताएका थिए। त्यस्तैगरी ११ प्रतिशतले इन्टरनेटका कारण फरक लैंगिक र यौनिक पहिचानसम्बन्धि बुझाईमा ‘कहिल्यै’ परिवर्तन नआएको बताएका थिए। यौनिक तथा लैंगिक

| | जम्मा | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| अवश्य परिवर्तन भएको | १३० | ६६ |
| कहिलेकाहीँ परिवर्तन भएको | ३१ | १६ |
| थाहा नभएको | १३ | ७ |
| परिवर्तन नभएको | २२ | ११ |
| | १९६ | १०० |

अल्पसंख्यकको पहिचान जनाउने ९० प्रतिशत सर्भे सहभागीहरुले इन्टरनेटले उनीहरूको लैंगिक पहिचानको बुझाई परिवर्तन भएको बताए जुन कुरा विषमयौनिक सहभागीहरूमध्ये जम्मा ७७ प्रतिशतले मात्रै बताएका थिए।

विविध यौनिक अभिमुखीकरण पृष्ठभूमिका र भिन्न लैंगिक पहिचान भएका विषमयौनिक र यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका मानिसहरूको धारणा परिवर्तन गर्नको लागि इन्टरनेट महत्वपूर्ण छ। तलको चार्टमा ८१ प्रतिशत विषमयौनिक सहभागी र ८७ प्रतिशत यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सहभागीहरूको मत प्रस्तुत छ।

उल्लेख्य संख्यामा सर्भे सहभागीहरूले भनेका छन् कि इन्टरनेट चलाएकै कारणले लैंगिकता र यौनिकतासम्बन्धी उनीहरूको विचार र दृष्टिकोणमा परिवर्तन आएको छ।

*“मेरो यौनिकताबारे मैले इन्टरनेटमा धेरै कुरा सिकें। संसारभरका मेरा सबै क्वेयर साथीहरूसँग जोडिनको लागि म इन्टरनेटकै भर पर्छु। र मैले आफूलाई इन्टरनेटमा कसरी अभिव्यक्त गर्ने भन्नेबारे पनि धेरै कुराहरू सिकें।”- एक सर्भे सहभागी।”*

त्याचलैंगिक महिला र पुरुषहरूलाई लैंगिक र यौनिक पहिचानको अन्तरसम्बन्ध र अनलाइन अनुभव (जसमा उनीहरूको लैंगिक र यौनिक पहिचानले इन्टरनेट प्रयोगमा असर गरेको र त्यसले फरक लैंगिकता र यौनिक पहिचान भएकाहरूका हकमा बुझाई परिवर्तन गरे-नगरेको) बारे प्रश्न सोधिएको थियो। उनीहरूको प्रश्नको उत्तर केलाउँदा “छैन” भन्ने उत्तरदाताहरूमा जहिल्यै पनि त्याचलैंगिक महिलाभन्दा पुरुषहरूकै बाहुल्यता रहेको पायौं।

यसको मतलब हो, त्याचलैंगिक पुरूषहरूको तुलनामा महिलाहरूको इन्टरनेट प्रयोग, लैंगिक पहिचान र विविध लैंगिक एवं यौनिकतासम्बन्धि बुझाईमा उनीहरूको लैंगिकताले बढी प्रभाव पार्ने गर्दछ।

## स्व-अभिव्यक्तिका लागि इन्टरनेट

सर्भेका बहुसंख्यक सहभागीहरूले उनीहरूको स्व-अभिव्यक्तिको लागि इन्टरनेटको महत्वलाई प्रमुख कुरा मानेका थिए। एक चौथाईभन्दा बढी अर्थात् २८ प्रतिशत सहभागीहरूले स्व-अभिव्यक्तिमा इन्टरनेटको स्थानलाई शतप्रतिशत अर्थात् १० मा १० नम्बर दिएका थिए भने १ प्रतिशतले मात्रै १ नम्बर दिएका थिए।

स्व-अभिव्यक्तिका लागि इन्टरनेटलाई महत्व दिनेहरूमध्ये धेरैले अफलाइनमा गर्न गाह्रो पर्ने क्रियाकलापहरू जस्तैः व्यक्तिगत वा निजी विचार र भावनाहरू साटासाट गर्न सकिने,

समान विचार भएकाहरूबीच छलफल गर्न सकिने, सामाजिक लाञ्छनाका रुपमा वर्जित गरिएका विषयहरूबारेको कुराकानीहरूमा सहभागी हुन सकिने, आफ्नो समुदाय भेट्न वा सृजना गर्न सकिने, साथै अफलाइनमा आउने प्रतिक्रिया र जबर्जस्ती लादिने निर्णयहरू वा सामाजिक नियन्त्रणलाई अनलाइनमा बेवास्ता गर्न सकिने अनुभव साटेका थिए। केही सहभागीहरूले इन्टरनेटले कसरी व्यक्तिको सामाजिक दायरा विस्तार गर्न र सहयोगका लागि गरिएका अनुरोधहरू बढी भन्दा बढी मानिसहरूसम्म पुर्याउन सहयोग गर्छ भन्ने कुरा पनि राखेका थिए।

*"मलाई आफ्नो विचार र आवाज बाहिर ल्याउनको लागि इन्टरनेटले एउटा ठाउँ दिएको र मैले पाएको प्रतिक्रियाहरूमार्फत् आफूले केही हदसम्म स्वीकार्यता (भ्यालिडेसन) पाएको पनि बोध गर्छु। इन्टरनेटमा भेटेको समुदायमार्फत् मैले मेरोजस्तै रुचि, संघर्ष र विचार भएका मानिसहरूसँग जोडिएँ। अनि अझ, यो यस्तो एउटा तरिका हो जसको माध्यमबाट मैले रचनात्मक कामहरू पनि गरेर देखाउन सक्छु... इन्टरनेटमा उपलब्ध स्रोत सामाग्रीहरूले मलाई अझै हुर्कन र आफ्नै बारेमा धेरै कुराहरू थाहा पाउन र मेरो आसपासको संसार बुझ्न सघाएको छ। यसले म आफैलाई सुसूचित र समन्वयात्मक तरिकाले अभिव्यक्त हुन मद्दत गरेको छ।"*


हामीले प्राप्त गरेको तथ्याङ्कको एउटा पाटोले स्व-अभिव्यक्तिको विषय कसरी भावनात्मक अभिव्यक्ति र मानसिक स्वास्थ्यसँग पनि जोडिएको हुन्छ भन्ने कुरा देखाएको छ। केही सहभागीहरूले अनलाइनमा भावनाहरू साटासाट गर्दा र विशेषगरी अप्ठ्यारा, पीडादायी अनुभवसम्बन्धी भावनाहरू साट्दा त्यसले हल्का र कम एक्लो महशुश गर्न पनि सघाएको बताएका थिए।

सहभागीहरूले यसको ठीक उल्टो अनुभवहरू पनि राखेका थिए। जस्तो कि त्यस्ता दुःखद वा पीडादायी वा जोखिमपूर्ण अभिव्यक्तिहरू भावनात्मक अभिव्यक्तिको रुपमा कमै स्वीकार्य हुने गरेको र त्यस्ता अभिव्यक्तिको लागि इन्टरनेट महत्वपूर्ण होइन भन्ने कुरा पनि राखेका थिए। वास्तवमा, उनीहरूले आफ्ना भावनाहरूलाई संयमित र नियन्त्रित स्वरुपमा अनलाइनमा अभिव्यक्त गर्नुपर्ने अनुभव गरेको बताएका थिए।

*"मलाई आफ्नो ताजा जानकारीहरू पोष्ट गर्न मन पर्दैन जसले म यस्तो अवस्थासँग गुज्रीरहेको छु भनेर खुल्लमखुल्ला म कमजोर छु र खराब स्थितिमा छु भन्ने जनाउँछ।"*

*"म साँच्चै इन्टरनेटमा त्यत्ति धेरै आफुलाई अभिव्यक्त गर्दिन। मलाई आफ्नो जीन्दगीमा भइरहेका हरेक कुराहरूबारे त्यहाँ कुरा गर्न चाहन्न खासगरी दुःखको कुरा। तर म केही खुशीका क्षणहरू भने कहिलेकाहीँ अभिव्यक्त गर्ने गर्छु।"*

**तपाईको स्व-अभिव्यक्तिको लागि इन्टरनेट कत्तिको महत्वपूर्ण छ भन्ने कुरामा १ देखि १० सम्मको अंक दिनुहोस् (१० अंक दिनुको मतलब "एकदमै महत्वपूर्ण" र १ अंक दिनुको मतलब "महत्वपूर्ण छैन" भन्ने हुन्छ ।)**



सोहीअनुरुप, स्व-अभिव्यक्तिको लागि इन्टरनेटको महत्वलाई कम नम्बर दिनेहरूले पनि जानकारी र सूचना संकलन गर्न, कुरा बुझ्न र मनोरञ्जनको लागि इन्टरनेटको महत्व छ भनेर त्यसको प्रयोग गर्ने गरेको कुरा राखेका थिए। यस्ता 'निष्क्रिय प्रयोगकर्ता'हरूले आफूलाई इन्टरनेटमा अभिव्यक्त हुनु आवश्यक नरहेको ठान्ने वा केहीले इन्टरनेटको प्रयोग नै कम गर्ने गरेका छन्। तर स्मरणीय कुरा, कुनै सहभागीले स्व-अभिव्यक्तिको लागि इन्टरनेटको प्रयोगको महत्वलाई कम नम्बर दिँदैमा उक्त सहभागीले इन्टरनेट कम प्रयोग गरेको भन्ने चाहिँ अवश्य होइन।

सर्भे सहभागीहरूको प्रतिक्रियामा अनलाइनमा अज्ञात रहने वा पहिचान नखुलाउने विषय पनि बारम्बार दोहोरिएको थियो। स्व-अभिव्यक्तिमाथिको बुझाईलाई सहभागीहरूले जसरी मूल्यांकन गरेतापनि अज्ञातपनको कुरा भने उल्लेख गरेका थिए। ज जसले उच्च मूल्यांकन गरे उनीहरूले इन्टरनेटमा पहिचान नखुलाउने अज्ञातपनको पनि कदर गरे। कम मूल्यांकन गर्नेहरूले चाहिँ निजी मामिलाका विवरण र व्यक्तिगत अभिव्यक्तिहरू नदिनइकन वा कमै स्व-अभिव्यक्त भएर अनलाइनमा पहिचान नखुलाउने वा अज्ञात रहन रुचाएको पायौँ।

इन्टरनेटमा अज्ञात रहने कुरालाई उच्च कदर गर्ने एक सहभागीले भने,

> *"यो सजिलै पहुँच हुने थलो हो र इन्टरनेटमा तपाई आफूले चाहेअनुरुप आफूलाई प्रस्तुत गर्न सक्नेगरी स्वायत्तता छ।"*

इन्टरनेटमा अज्ञात रहने कुरालाई कम नम्बर दिने अर्का सहभागीले पनि भने,

> *"तपाईको आफ्नो पहिचानबारे र तपाई के सोच्नुहुन्छ भन्ने कुरा अरूलाई बताउनु अनिवार्य र जरुरी छैन।"*

स्व-अभिव्यक्तिका लागि यस्ता थलोको प्रयोग गर्ने सन्दर्भमा, धेरैले सामाजिक सञ्जालहरूः फेसबुक, ट्वीटर, र इन्स्टाग्रामबारे उल्लेख गरेका छन्। एउटा प्रतिक्रियामा ग्लुड र ग्रिन्डरजस्ता डेटिङ एपबारे उल्लेख गरेको पायौँ। सहुलियत प्राप्त एक सहभागीले उपलब्ध अनलाइन थलोहरूको प्रयोग कसरी गर्ने गरेका छन् भन्ने बारेमा विस्तृत जानकारी दिएः

> *यो उत्तर दिनै गाह्रो पर्ने कुरा हो। म मेरो विचार र दृष्टिकोण राख्नको लागि ट्वीटर, तस्बीरहरू पोष्ट गर्नका लागि इन्स्टा, पारिवारिक कुराहरू साट्नका लागि फेसबुक, ब्लगिङ र सबै कुराका लागि मिडियम, नयाँ रुचिकर विषयहरूमा जानकार हुनका लागि रेडिट र मनोरञ्जनका लागि युट्यूव चलाउँछु।*


अनुभव

# अनुभव

सन् २०१९ मा विद्युतीय करोबार ऐन २०६३ मार्फत् नेपाल सरकारले अनलाइन थलो संकुचन गरेसँगै नेपालमा अभिव्यक्ति स्वतन्त्रताका लागि धेरै आन्दोलनहरू भएका छन्। उदाहरणको लागिः गायक पशुपति शर्मालाई भ्रष्टाचारसम्बन्धी 'लुट्न सके लुट' बोलको गीत युट्यूबबाट निकाल्ने चेतावनी दिएपछि ट्वीटरमा ह्यासट्याग #लुट्नसकेलुटकान्छा र #पशुपतिशर्मा ट्रेन्डिङ चल्यो। जब स्ट्याण्ड अप हाँस्य व्यङ्ग्यकार र युट्यूवर प्रनेश गौतमलाई नकारात्मक फिल्म समीक्षा पोष्ट गरेको भनी गिरफ्तार गर्यो। उनको समर्थनमा सामाजिक सञ्जालमा ह्यासट्याग #फ्रीप्रनेश भन्ने ट्रेन्डिङ चल्यो साथै काठमाडौँको माइतीघर मण्डलामा विरोध प्रदर्शन पनि भयो।[20] नेपाली इन्टरनेटले उस्तै शैलीमा ह्यासट्याग #फ्रिभी-टेन ट्रेन्डिङ चलाएर भी-टेनलाई उनको गीतको बोलको आधारमा गिरफ्तार गरिएकोमा विरोध जनायो।[21]

यद्यपि, अभिव्यक्ति स्वतन्त्रता र स्व-अभिव्यक्तिमाथि लगाइएको निषेधको विरोधमा नागरिकहरूले गरेका यस्ता प्रतिरोधका घटनाहरूका अलावा हामीकहाँ पर्याप्त चर्चा नपाएको अर्को एउटा पाटो पनि छः त्यो भनेको महिला र 'उनीहरूका सवालहरू'लाई नेपाली समाजमा कसरी निरन्तर महत्वहीन बनाइन्छन् भन्ने विषय हो। महिला र बालिकाहरूलाई उनीहरूकै परिवारबाट मात्रै नभएर समुदाय र राज्यले पनि बारम्बार प्रश्न गरिरहने र उनीहरूलाई कडा निगरानीमा राखीरहने गर्दछ। बारा जिल्लाको सिम्रोनगढमा स्थानीय सरकारले केटीहरूलाई मोबाइल फोन प्रयोग गर्न नदिने निर्णय गर्यो।[22] महिलाहरूलाई थुप्रै सामाजिक सञ्जालका थलोहरू जस्तै टिकटकमा गिज्याउने, होच्याउने र लज्जाबोध गराउने गरिन्छ। भर्खरै, एक गायिका, सोफिया थापाले तीज (हिन्दु महिलाहरूले आफ्ना श्रीमान्को लामो आयूका लागि ब्रत बस्ने र पूजा-प्रार्थना गर्ने गर्दछन्) गीतको माध्यमबाट पितृसत्तात्मक अन्धविश्वास नउकास्ने भाव व्याङ्ग्यात्मक तवरमा दर्शाएपछि उनलाई हिन्दु अतिवादीहरूले धम्क्याए। उक्त गीतको श्रब्यदृश्य प्रसारणमा रोक समेत लगाइयो।

महिला हिंसा विरुद्धको सवालमा नेपाल सरकार खाँट्टी संरक्षणवादी भएर अघि सर्छ र त्यस्तो हिंसा रोक्ने नाममा महिला र बालिकाहरूमाथि प्रतिहिंसा हुने खालका प्रावधानहरू ल्याउँछ। असमान र विभेदित संरचनागत सवालहरूमा फेरबदल गर्नेतर्फ पटक्कै सोचविचारै गर्दैन। "महिलाका सवालहरू" विश्वव्यापी रुपमै राजनीतिक सरोकारका विषय हुन्। चाहे ती नागरिकतासम्बन्धी सवाल हुन्, चाहे राज्यको निकायहरूमा प्रतिनिधित्वको कुरा हुन्, चाहे यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी हकअधिकारकै कुरा हुन्, चाहे महिलाविरुद्ध हुने हिंसा वा आप्रवासी कामदारबारे नै किन नहुन्, यी सबै सवालहरूमा मूलप्रवाहको ध्यानाकर्षण हुनुपर्ने हो। अन्तर्राष्ट्रिय तहमा सशक्त रुपमा अघि बढेको ह्यासट्याग #मीटु अभियान नेपालको सन्दर्भमा भने प्रभावकारी ढंगले अघि बढ्न सकेन। यो पनि महिलाहरूलाई असर पार्ने महत्वपूर्ण सवाललाई पाखा पारिएको अर्को एउटा ज्वलन्त उदाहरण हो।

यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायकाहरूले पनि उस्तै व्यवहार खेप्नुपर्छ। उनीहरूलाई भौतिक वा शारिरीक रुपमा अति क्षति पुर्याइएपछि मात्रै उनीहरूमाथि भएको हिंसा अगाडि ल्याउने गरिन्छ। उनीहरूको सवालकेन्द्रित कानूनी र संरचनागत सरोकारका विषयवस्तुहरूलाई मूलप्रवाहको भाष्यहरूमा समेटिदैन। ह्यासट्याट #जस्टिसफरनिकिसा केही नगण्य उदाहरणमध्ये एक हो, जसले एक पारलैंगिक महिला (व्यक्ति जसको जैविक लिंग पुलिंगी र लैंगिक पहिचान महिला हुन्छ।) माथि भएको दूर्व्यवहार विरुद्धको प्रतिरोधी आवाजलाई व्यवहारिकतामा रुपान्तरण गरेको थियो। नत्र यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका व्यक्तिहरूमाथि अनलाइन र अफलाइन थलोहरूमा हुने हिंसा र दूर्व्यवहारका घटनाहरू सबैजसो र सँधैजसो पिँधमै राखी छाडिन्छन्।

यस्ता सामाजिक परिवेशहरूलाई मध्यनजर गर्दै हामीले हाम्रा सर्भे सहभागीहरूलाई इन्टरनेटको प्रयोग गर्नु कत्तिको सुखद रह्यो र अनलाइन हिंसाको अनुभवहरू कस्ता खालका रहेका छन् भन्ने प्रश्न गरेका थियौं।


## इन्टरनेटमा तपाईंको अनुभव सुखद रह्यो ?

20 Pant. S., &Baral. S., (2019). Social movements in 2019. The Kathmandu Post. Retrieved fromhttps://tkpo.st/2MIAHlr

21 The Himalayan Times. (2019).Rapper VTEN released on general date.https://thehimalayantimes.com/kathmandu/rapper-vten-released-on-general-date/

22 Online khabar. (2020). सिम्रौनगढ– ५ मा अविवाहित केटीलाई मोबाइल बोक्न प्रतिबन्ध. https://www.onlinekhabar.com/2020/03/845327

**इन्टरनेट चलाउदाको तपाईको सुखद अनुभवलाई १ देखि १० अंक दिनुहोस् (१० अंक भनेको एकदमै सुखद र १ अंक भनेको सुखद थिएन भन्ने हो)**




सहभागीमध्ये बहुसंख्याले 'तपाईको इन्टरनेट अनुभव सुखद रह्यो?' भन्ने प्रश्नको उत्तरमा ५ वा त्यसभन्दा बढी नम्बर दिएर उच्च मूल्याङ्कन गरेका थिए। सहभागीहरूमध्ये ४ प्रतिशतले १ नम्बर दिए जसमध्ये (विषमयौनिक र यौनिक तथा लैंगिक अल्पसंख्यक दुबै गरीकन) सबै त्याचलैंगिक महिला सहभागी थिए।


कूल सर्भे सहभागीमध्ये २८ प्रतिशतले उनीहरूको स्व-अभिव्यक्तिको लागि इन्टरनेटको महत्वलाई १०औं अंक दिए[23] अर्थात् उच्च मूल्याङ्कन गरेका थिए भने १० प्रतिशतले भने इन्टरनेटमा उनीहरूको सुखद अनुभव रहेको कुरामा १० नम्बर दिएका थिए। यसले दर्शाँउछ कि धेरै सहभागीहरूले आफ्नो स्व-अभिव्यक्तिको लागि इन्टरनेटको महत्वको कुरालाई निश्चिन्त भएर उच्च मूल्याङ्कन गर्न सके भने इन्टरनेट प्रयोग अनुभवलाई सुखद मान्ने कुरालाई उच्च मूल्याङ्कन गर्न भने केही हिच्किचाए।

एकातिर, हामीले सर्भेको नतिजामा सहभागीहरूले इन्टरनेट चलाउदाको सुखद अनुभवहरू भेट्यौं। अर्कोतिर, सोही सर्भे तथ्याङ्कमा सहभागीहरूले इन्टरनेटमा भोगेका हिंसाका घटनाहरू पनि भेट्यौं। यी दुबैलाई एकैसाथ जोडेर हेर्दा, अनलाइन हिंसा भोगेकै सहभागीहरूले इन्टरनेट चलाउदाको सुखद अनुभवलाई उच्च मूल्याङ्कन गरेका थिए। तसर्थ हामी भन्न सक्छौ, सहभागीहरूले अनलाइन हिंसा भोगेपनि इन्टरनेट प्रयोग गर्नु र इन्टरनेटमा खोजी गर्नुलाई महत्वपूर्ण/औचित्यपूर्ण मानेका छन्।

## अनलाइन हिंसा

इन्टरनेटमा हिंसा हुनु सामान्य घटना हुनु जत्तिकै छ। हाम्रा सहभागीहरूमध्ये ८६ प्रतिशतभन्दा बढीले अनलाइन जीवनमा कुनै न कुनै खालका हिंसा भोगेका छन्। विषमयौनिक सहभागीहरूमध्ये ८३.५ प्रतिशतले केही स्वरुपका अनलाइन हिंसा भोगेको बताएका थिए। त्यस्तै, यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सहभागीहरूमध्ये ९७.४ प्रतिशतले अनलाइन हिंसा भोगेको बताएका थिए। सहभागीहरूले भोगेका अनलाइन हिंसालाई अझ मिहिन रुपमा बुझ्नको लागि विषमयौनिक र यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सहभागीहरू कस्तो प्रकारको हिंसामा परेका थिए भनेर खुट्याएर हेर्यौं। ५० प्रतिशत विषमयौनिक सहभागीहरूले 'नचाहँदा नचाहँदै यौनजन्य सामाग्रीहरू प्राप्त गरेको', र ६३ प्रतिशत यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सहभागीहरुले चाहिँ अपमानजनक वा अपमानित प्रतिक्रिया र टिकाटिप्पणीहरू पाएको बताएका थिए। सामान्यतया यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सहभागीहरूले अनेक स्वरुपका हिंसाहरू भोगेको कुरा हिंसासम्बन्धी सर्भेले देखाएको छ।

यौन र यौनिकतासँग सम्बन्धित अरूचिकर र अनिच्छित सामाग्रीहरू प्राप्त हुने हिंसाको स्वरुप ५२ प्रतिशत सहभागीहरूको साझा अनुभव हो। त्यसपछि क्रमशः ४६ प्रतिशत सहभागीहरू अपमानजन्य टिकाटिप्पणीमार्फत् हिंसामा परेको, ४५ प्रतिशतमाथि नाम काढेर हिंसा गरेको, ३९




प्रतिशतले इन्टरनेटमा घृणित र द्वेषी कथन वा अभिव्यक्तिहरू (हेट स्पीच )का कारण हिंसा खेपेको र ३६ प्रतिशतले अपमान र/वा महिलाहरूले परम्परागत विचारभन्दा बेग्लै विचार राखेवापत, अरूसँग असहमत भएवापत र यौनजन्य फाइदा उठाउन खोज्दा प्रतिकार गर्दा गिज्याएर वा लज्जाबोध गराएर उनीहरूमा माथि हिंसा गरेको पायौं। हाम्रा सर्भे सहभागीहरूमध्ये १३ प्रतिशतले प्रत्यक्ष रुपमा भौतिक क्षति पुर्याउने खालका वा यौन दूर्व्यवहार वा शोषण गर्ने धम्की खेपेको पनि तथ्याङ्कले देखाउँछ।

सोही सर्भे तथ्याङ्कबाटै हामीले १४ प्रतिशत सहभागीहरूले कुनैपनि खालका अनलाइन हिंसा नभोगेको तथ्य पनि फेला पायौं। कूल सहभागीहरूमध्ये अधिकांशले एक वा दुई प्रकारका अनलाइन हिंसा भोगेको विवरण राखेका थिए। उल्लेख्य संख्याले चार वा पाँच खालका अनलाइन हिंसा भोगेको र एकजनाले भने हामीले सर्भे प्रश्नावलीमा राखेको हिंसाको प्रकारमध्ये सबै अर्थात् बाह्रै प्रकारको अनलाइन हिंसा भोगेको जनाएका थिए।


## हिंसाप्रतिको प्रतिक्रिया

अनलाइन हिंसाको प्रतिक्रियाबारे सर्भे गरिँदा, हिंसामा परेपछि त्यसलाई बेवास्ता गर्ने गरिएको घटनालाई सम्झेर हामीले त्यसलाई पनि हिंसाको प्रतिक्रियाको एउटा स्वरुप मानी सूचीमा समावेश गरेका थियौं। हामीले यो अनुसन्धान विश्लेषणमा मौन बस्ने निर्णय गर्नुलाई समेत प्रतिरोध वा प्रतिक्रियाको एउटा स्वरुप मानेका छौं। आवाज निकाल्नुलाई मात्रै 'सक्रिय प्रतिवाद/प्रतिक्रिया' मानिने शक्तिशाली संकथनको विपरित मौनता पनि शक्ति वा प्रतिरोधको एउटा रुप हुन सक्छ भन्ने मान्यताका साथ त्यसो गरेका हौं।

सहभागीहरूले हिंसा भोगीसकेपछि देखाएको प्रतिक्रियालाई केलाउँदा, ५४ प्रतिशतले त्यस्ता घटनाबारे अनलाइन थलोहरू जस्तैः फेसबुक, गुगल, युट्यूव आदिमा सूचित गरेको, ३९ प्रतिशतले त्यस्ता घटनालाई बेवास्ता गरेरै अघि बढ्ने निर्णय लिएको, २४ प्रतिशतले त्यस्तो घटनाको प्रतिकार गरेको, १० प्रतिशत सहभागीहरूले कानूनी रुपमै उजुरी दिएको र ३ प्रतिशतले यीबाहेकका अन्य वैकल्पिक उपायहरूको खोजी गरेको पायौं। ११ प्रतिशत सहभागीहरूले भने हिंसाको प्रतिक्रियामा कुनैपनि खालको उपायहरूको खोजी गर्ने वा कदम चालेको कुरा उल्लेख गरेनन्।

| हिंसा भोगेको/ प्रतिक्रिया | हिंसाविरुद्ध प्रतिक्रि-या जनाएको | प्रतिक्रिया नजना-एको |
|---|---|---|
| हिंसा भोगेको | १६१ | ८४ |
| हिंसा नभोगेको | १३ | १४ |

**अनलाइन हिंसाको प्रतिक्रिया**




| हिंसाको प्रतिक्रियाको स्वरुप | बेवास्ता गरेको | | अनलाइन थलोहरूमा सूचित गरेको | | प्रतिकार गरेको | | कानूनी सहयोगको खोजी गरेको | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| यौनिक पहिचान | विषमयौनिक | यौनिक तथा लैंगिक अल्पसंख्यक | विषमयौनिक | यौनिक तथा लैंगिक अल्पसंख्यक | विषमयौनिक | यौनिक तथा लैंगिक अल्पसंख्यक | विषमयौनिक | यौनिक तथा लैंगिक अल्पसंख्यक | विषमयौनिक | यौनिक तथा लैंगिक अल्पसंख्यक |
| जनसंख्या | ६० | १७ | ८१ | २५ | ३४ | १३ | १८ | २ | ३ | २ |
| जनसांख्यिक( प्रतिशतमा) | ३८ | ४५ | ५१ | ६६ | २२ | ३४ | ११ | ५ | २ | ५ |

यौन अभिमूखीकरण पृष्ठभूमिको आधारमा छुट्याउँदा, 'कानूनी सहायता खोज्ने' बाहेकका अरु सबै खालका उपायहरूको अवलम्बन गर्नेमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सहभागीहरू अग्रपंक्तिमा रहेका थिए। यसले बताउँछ, यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सहभागीहरूले अनलाइन हिंसामा प्रतिक्रिया जनाउँन आवश्यक महशुश गरिरहेका हुन सक्छन्। तर, मुलुकको कानूनी व्यवस्थाप्रति विश्वस्त हुन नसक्ने वातावरणले उनीहरूमा कानूनी प्रक्रिया रोज्न हिच्किचाहट पैदा गरेको छ।


कूल सहभागीहरूमध्ये १३ जनाले हिंसा नभोगेको तर हिंसाप्रति प्रतिक्रिया जनाउने उपायहरूमध्ये एकमा भने चिन्ह लगाएका थिए। ८ जनाले हिंसा भएपछि प्रत्यक्ष उजुरी दिने वा आवाज उठाउने वा अनलाइन थलोहरूलाई सूचित गर्ने वा कानूनी सहायता खोज्ने वा प्रतिकार गर्ने खालका प्रतिक्रिया दिनुपर्ने कुरालाई जोड दिएका थिए। जबकी उनीहरू आफैले हिंसा भोगेको बारे केही बताएका थिएनन् तर हिंसामा परेकाहरूको तर्फबाट वा उनीहरूलाई सहयोग गर्ने हेतुले उनीहरूले त्यस्तो उत्तर दिएका थिए भनेर हामी मान्न सक्छौं।

सर्भेका ८ जना सहभागीहरू त्यस्ता पनि थिए जसले हिंसा भोगेका थिए तर उनीहरूले कुनैपनि खालको प्रतिक्रिया जनाएनन्। यी ८ सहभागीहरूमध्ये ६ जनाले एकभन्दा बढी स्वरूपको हिंसा भोगेका थिए।

सहभागीहरूमध्ये ६५ प्रतिशतले हिंसाको सामना गरेपछि कसैसँग त्यसबारेमा कुरा गरेको बताएका थिए। त्यसरी कसै न कसैलाई बताउनेमा जम्मा ३० प्रतिशत त्याचलैंगिक पुरूषहरू र त्यसको दुइगुणा भन्दा बढी ७१ प्रतिशत त्याचलैंगिक महिलाहरू रहेको तथ्याङ्कले देखायो। त्यस्तैगरी, हिंसा खेपेका ५१ जना सहभागीहरूले त्यस्तो अनुभवबारे कसैसँग पनि कुरा नगरेको बताएका थिए।

## हिंसामा संलग्नता

हाम्रा सर्भे सहभागीहरूमा त्यस्ता सहभागीहरू पनि थिए, जसले अनलाइन हिंसामा आफूहरू सहभागी भएको स्वीकारेका थिए। विशेषगरी अपमानजनक/अनुपयुक्त टिकाटिप्पणी गरेको (९ प्रतिशत), घृणाजन्य वा हानीकारक कुरा/अभिव्यक्तिहरू दिएको (६ प्रतिशत), व्यक्तिको गोप्य कुराहरू अनुमतिबिना सार्वजनिक गरेको (६ प्रतिशत) जस्ता स्वरुपका हिंसाहरूमा उनीहरू संलग्न भएको बताएका थिए। सानो संख्यामै भएपनि हाम्रो सर्भे तथ्याङ्कमा भेटिएको यस्तो तथ्यले हामीलाई यस्ता घटनाहरूलाई अझ मिहिन




रुपमा हेर्न प्रेरित गर्यो। पीडित र पीडकको रूपमा स्पष्ट वर्गीकरण गर्नु अन्य वर्गीकरणहरूले सीमान्तकृतहरूलाई अझ सीमान्तकरणतर्फ धकेले जत्तिकै गलत काम हुन सक्छ। त्यस्तो संकथनले विषयवस्तु र घटनाको गहिराइलाई केन्द्रमा राखेर बुझ्ने नारीवादी दृष्टिकोणलाई अँगाल्दैन। यहाँनेर सूचना नपुग्दा वा अपुरो जानकारीले सिर्जना गरेको भ्वाङ कस्तो हुन्छ भनि बुझेर त्यसलाई पुर्न सकिने एउटा अवसर पनि छ। र, अनलाइन हिंसा, गोपनीयता र सहमतिबारे मिहिन बुझाईको लागि जनचेतनामा सुधार ल्याउने ठाउँ पनि छ। त्यस्तै, ५० जना सर्भे सहभागीहरूले एकातिर उनीहरू कुनै न कुनै प्रकारको हिंसामा संलग्न भएको र अर्कोतिर केही खालका हिंसाहरूमा आफै परेको कुरा बताएका थिए।

# अध्ययनको मुख्य नतिजा

## पहुँच र प्रयोग

लगभग सबैजसो सर्भे सहभागीहरूले सर्भेका बखत घरैमा इन्टरनेट सुविधा पाएका थिए। ६५ प्रतिशले कार्यस्थलमा र करिब ५० प्रतिशतले भ्रमणको बखतमा र बाँकीले क्याफे वा सार्वजनिक स्थलहरूमा इन्टरनेट प्रयोग गर्ने गरेको पायौँ। ८६ प्रतिशत सहभागीहरूले मोबाइल फोनमार्फत् इन्टरनेटमा पहुँच राखेका थिए भने २ प्रतिशतले डेक्सटप वा ट्यावलेटमा अनि ८ प्रतिशतले उनीहरूकै ल्यापटपमा इन्टरनेट चलाउने गरेका छन्।

सर्च इञ्जिन र सामाजिक सञ्जालहरूको प्रयोगको हकमा हेर्दा, अधिकांश सहभागीहरूले उनीहरूमा भएको दक्षतालाई औसत भन्दा माथि अर्थात् १० मध्ये ५ भन्दा बढी नम्बर दिइ उच्च मूल्याङ्कन गरेका थिए। ७५.५ प्रतिशतले इन्टरनेटमा खोजी गर्ने उनीहरूको दक्षतालाई उच्च मूल्याङ्कन गरे भने ५६.५ प्रतिशतले सामाजिक सञ्जाल चलाउने दक्षतालाई उच्च मूल्याङ्कन गरेका थिए। सहभागीहरूमध्ये ८२ प्रतिशतले यस्ता थलोहरू प्रयोग गर्ने खुबीलाई औसतभन्दा माथि रहेको ठहर्याए भने ३३ प्रतिशतले त्यस्तो खुबीलाई शतप्रतिशत अर्थात् १० मा १० नम्बर दिएका थिए।

हाम्रा सहभागीहरूमध्ये ४५ प्रतिशतले अंग्रेजी र नेपाली दुबै भाषामा इन्टरनेट प्रयोग गर्ने, र १५ प्रतिशतले अंग्रेजी, नेपाली र अरू जस्तैः हिन्दी, जर्मन, फ्रेन्चलगायत तेस्रो वा चौथो भाषाको समेत प्रयोग गर्ने र त्यस अलावा मैथिली, नेपाल भाषा र तामाङ भाषा लगायतका आदिवासी जनजातीय भाषाहरू समेत प्रयोग गर्ने गरेको बताएका थिए। एउटै भाषा प्रयोगकर्ताको सन्दर्भमा भने ८ प्रतिशतले नेपाली भाषामा मात्रै र ३० प्रतिशतले अंग्रेजी भाषामा मात्रै इन्टरनेट चलाउने गरेको पायौँ।

सहभागीहरूमध्ये अधिकले संवाद-सञ्चार, काम र सञ्जाल निर्माणको लागि इन्टरनेट प्रयोग गर्ने गरेका छन्। सहभागीमध्ये उल्लेख्य संख्याले स्वास्थ्यसम्बन्धी जानकारीहरू पाउँन, पोर्न हेर्न, सेक्सटिङको लागि, डेटिङ र यौन आनन्द लिनको लागि इन्टरनेट प्रयोग गर्ने गरेको पायौँ।

विषमयौनिकहरूको तुलनामा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सर्भे सहभागीहरूले यौनिक अभिव्यक्तिको लागि इन्टरनेट बढी चलाउने गरेका छन्। ३६.८ प्रतिशत र २८.९ प्रतिशत यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सहभागीहरूले क्रमशः पोर्न हेर्न र यौनिक आनन्द पाउनका लागि 'सँधै' इन्टरनेट प्रयोग गर्ने गरेका छन्। जबकी आफूलाई विषमयौनिक भनेर पहिचान गराउने १९ प्रतिशत र १० प्रतिशत सहभागीहरूले मात्र सोही उद्देश्यका लागि 'सँधै' इन्टरनेट प्रयोग गर्ने गरेका छन्।

७८.६ प्रतिशत सहभागीहरूले इन्टरनेटमा उपलब्ध सामाग्रीहरु दैनिक रुपमा प्रयोग गर्ने र २४.५ प्रतिशतले मात्रै त्यस्ता सामाग्रीहरू दैनिक रुपमा बनाउने गरेका छन्। दैनिक रुपमा इन्टरनेटका सामाग्रीहरू प्रयोग गर्ने बताउने ८८.१ प्रतिशत सहभागीहरू त्याचलैंगिक पुरुषहरू हुन् भने ७३.१ प्रतिशत त्याचलैंगिक महिला हुन्। जम्मा ४.६ प्रतिशतले मात्रै इन्टरनेटका सामाग्रीहरू कहिल्यै प्रयोग नगरेको बताएका थिए। विषमयौनिक सहभागीहरूले दैनिक, साप्ताहिक र महिनाको एकपटक इन्टरनेटका सामाग्रीहरू प्रयोग गर्ने गरेका छन्। यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सहभागीहरूमध्ये ९४.७ प्रतिशतले भने त्यस्ता सामाग्री दैनिक प्रयोग गर्ने र २ जना अर्थात् ५.३ प्रतिशतले कहिल्यै प्रयोग नगरेको बताएका थिए।

## स्वायत्तता र अभिव्यक्ति

८२.७ प्रतिशत सहभागीहरूको इन्टरनेट चलाउने आफ्ना आधारभूत उपकरणमा 'पूर्ण नियन्त्रण' रहेको र झण्डै १६.८ प्रतिशतले 'आंशिक नियन्त्रण' राखेको र एकजनाले मात्रै आफ्नो उपकरणमा कुनै नियन्त्रण नराख्ने तथ्यांकले देखायो। यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका ९२.१ प्रतिशत सहभागीहरूले उनीहरूको उपकरणमा 'पूर्ण नियन्त्रण' रहेको र विषमयौनिक पहिचान जनाएका सहभागीहरूमध्ये जम्मा ८०.४ प्रतिशतले मात्रै 'पूर्ण नियन्त्रण' राखेको बताएका थिए।

आफ्नो उपकरणमा 'केही हदसम्म नियन्त्रण' राख्नेहरूमा ११ जना त्याचलैंगिक पुरुष र २२ जना त्याचलैंगिक महिला थिए। कुनै नियन्त्रण नरहेको बताउने एकजना सहभागी भने १५-२० वर्ष उमेर समूहको त्याचलैंगिक महिला थिए।

५९ प्रतिशत त्याचलैंगिक महिलाहरूले इन्टरनेट चलाउनमा उनीहरूको लैंगिकताले असर पारेको बताएका थिए भने ५३ प्रतिशत त्याचलैंगिक पुरुषहरूले कहिल्यै पनि उनीहरूको लैंगिकताले इन्टरनेट प्रयोगमा असर नपारेको बताएका थिए। जम्मा २६ प्रतिशत त्यालैंगिक महिलाहरूले मात्रै उनीहरूको लैंगिकताले इन्टरनेट प्रयोगमा कुनै असर नपारेको बताएका थिए।

आफूलाई विषमयौनिक जनाउने ४१ प्रतिशत सहभागीहरूले इन्टरनेट प्रयोगमा उनीहरूको यौनिक पहिचानले कुनै असर नपारेको बताएका थिए जबकी आफूलाई यौनिक तथा लैंगिक अल्पसंख्यक जनाउने १३ प्रतिशत सहभागीहरूले मात्रै सोही प्रतिक्रिया दिएका थिए। यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सहभागीहरूमध्ये आधाभन्दा बढी अर्थात् ६९ प्रतिशतले बताएका थिए कि उनीहरूको यौनिक पहिचानले इन्टरनेट प्रयोगमा असर पारेको छ।

सहभागीहरूमध्ये ६६ प्रतिशतले इन्टरनेटको कारणले लैंगिक तथा यौनिक पहिचानबारेको उनीहरूको दृष्टिकोणमा 'अवश्य' परिवर्तन आएको कुरा राखेका थिए भने १६ प्रतिशतले 'कहिलेकाहीँ' मात्रै परिवर्तन भएको बताएका थिए। आफूलाई यौनिक तथा लैंगिक अल्पसंख्यक भनी पहिचान गराएका ९० प्रतिशत र विषमयौनिक पहिचान जनाउने ७७ प्रतिशत सहभागीहरूले इन्टरनेटले उनीहरूको लैंगिक पहिचानसम्बन्धी बुझाई परिवर्तन भएको बताएका थिए।

इन्टरनेटले विविध पृष्ठभूमिका फरक यौन अभिमुखीकरण र लैंगिकताका मानिसहरूको धारणा परिवर्तन गर्न महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। कूल सहभागीहरूमध्ये ८१ प्रतिशत विषमयौनिक सहभागीहरू र ८७ प्रतिशत यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सहभागीहरूले यही कुरामा सहमति जनाएका छन्।

बहुसंख्यक सर्भे सहभागीहरूले स्व-अभिव्यक्तिका लागि इन्टरनेटको महत्व रहेको कुरामा जोड दिँदै ५ र सोभन्दा बढी नम्बर दिइ उच्च मूल्याङ्कन गरेका थिए। २८ प्रतिशत सहभागीहरूले त अझ १० मा १० नम्बर नै दिएका थिए। जम्मा १ प्रतिशतले मात्रै १ नम्बर दिएका थिए।

# अनुभव

कूल सर्भे सहभागीमध्ये २८ प्रतिशतले उनीहरूको स्व-अभिव्यक्तिको लागि इन्टरनेटको महत्वमा शतप्रतिशत १० मा १० नम्बर दिएका थिए भने जम्मा १० प्रतिशतले मात्रै इन्टरनेट चलाउँदाको सुखद अनुभवको सन्दर्भमा शतप्रतिशत नम्बर दिएका थिए। इन्टरनेट चलाउँदा सुखद अनुभव भएको कुरामा सहभागीहरूमध्ये अधिकांशले ५ वा सोभन्दा बढी नम्बर दिएका थिए।

सहभागीहरूमध्ये ८६ प्रतिशतले केही न केही स्वरुपका अनलाइन हिंसा भोगेको तथ्याङ्क छ। विषमयौनिक सहभागीहरूमध्ये ८३.५ प्रतिशतले र यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सहभागीहरूमध्ये ९७.४ प्रतिशतले केही स्वरुपका अनलाइन हिंसा खेपेको बताएका थिए।

सहभागीहरूमध्ये ५२ प्रतिशतले अरुचिकर र अनिच्छित यौनजन्य सामाग्रीहरू पाएको, ४६ प्रतिशतले अपमानजनक टिकाटिप्पणीहरू पाएको, ४५ प्रतिशतले नाम काढेर अपमानित भएको, ३९ प्रतिशतले पहिचान विषेश लक्षित घृणापूर्ण/हानीकारक अभिव्यक्तिहरू खेपेको, ३६ प्रतिशतले अपमान र/वा महिलाले परम्परागत विचारभन्दा फरक विचार राख्दा, अरू व्यक्तिहरूको कुरामा सहमत नहुँदा, यौनजन्य फाइदा उठाउन खोज्दा विरोध गरेमा लज्जाबोध गराएको वा अपमानित महशुश गराएको र १३ प्रतिशतले सोझै भौतिक/शारिरीक हानी पुर्याउने खालको वा यौनजन्य दूर्व्यवहार र शोषण गर्ने धम्की पाएको बताएका थिए। ५४ प्रतिशत सहभागीहरूले हिंसाका घटनाबारे अनलाइन थलोहरू (जस्तैः फेसबुक, युट्यूब, गुगललगायत)मा उजुरी गरेको, ३९ प्रतिशतले त्यस्ता घटनालाई बेवास्ता गरेको, २४ प्रतिशतले त्यसको प्रतिकार गरेको, १० प्रतिशतले मात्रै कानूनी प्रक्रिया अपनाएको र ३ प्रतिशतले अन्य उपायहरू अपनाएको पायौँ। सहभागीहरूमध्ये ११ प्रतिशतले यीमध्ये कुनैपनि खालको प्रतिक्रिया नजनाएको तथ्यांकले देखायो।

सहभागीहरूमध्ये ६५ प्रतिशतले बताएका थिए कि उनीहरूले अनलाइन हिंसा भोगेको कुरा कसै न कसैसँग गरेका थिए। जम्मा ३० प्रतिशत त्याचलैंगिक पुरुषहरूले त्यस्तो हिंसामा परेपछि कसैसँग कुरा गरेको तर त्यसको दोब्बरभन्दा बढी ७१ प्रतिशत त्याचलैंगिक महिलाहरूले त्यसबारेमा कसैसँग कुरा गरेको बताएका थिए। त्यस्तै, ५१ प्रतिशत सहभागीहरूले बताएका थिए कि उनीहरूले त्यस्तो हिंसा भोगेपछि कोही कसैसँग पनि त्यसबारेमा कुरा गरेका छैनन्।

# निष्कर्ष र अबको बाटो

बडी एण्ड डाटाले सन् २०१६ मा निर्मित इन्टरनेटको नारीवादी सिद्धान्त[24]लाई समर्थन गर्छ। उक्त सिद्धान्तअनुरुप हामीले चाहेको इन्टरनेटको यस्तो दुनियाँ छ, जहाँ पहुँचको सिद्धान्त अन्तर्गत सीमान्तकृत आवाज सशक्त पार्ने र सुरक्षित राख्ने खालको डिजिटल थलोहरू निर्माण गरेर "विश्वव्यापी रुपमा महिला र क्वेयर व्यक्तिहरूले बिना शर्त, खुला, अर्थपूर्ण तवरमा, सहज, सुलभ, समान पहुँच र स्वीकार्यताका साथ इन्टरनेट प्रयोग गर्न सक्नेछन्।" यो सर्भे १९६ जना विषमयौनिक र यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका १५ देखि ६५ वर्ष उमेर समूहका व्यक्तिहरूमाझ गरिएको थियो। सर्भे सहभागीहरूले इन्टरनेट र प्रविधिमा पहुँच र प्रयोगको सन्दर्भमा उनीहरूको जीवनमा त्यसको महत्व, ती थलोहरूमा एजेन्सी र स्वायत्तताको खोजी कार्य र स्व-अभिव्यक्तिको लागि तिनको प्रयोगबारे वर्णन गरेका छन्।

अधिकांश सर्भे सहभागीहरूले मोबाइल फोन प्रयोग गर्ने गरेका थिए र सामाजिक सम्बन्ध र सञ्जाल निर्माणका लागि इन्टरनेट प्रयोग गर्ने गरेको बताएका थिए। नेपालमा श्लीलता र सालिनता (अनलाइन लैंगिक हिंसा नक्साङ्कन चार्ट हेर्नुहोस्) को नाममा अनलाइनमा यौनिक अभिव्यक्ति दिनुलाई कानूनी रुपमा अपराधिक क्रियाकलाप ठहर्याइएको छ। हाम्रो अनुसन्धानले देखाएको छः मानिसहरूले इन्टरनेटमा उपलब्ध सेक्टिङ, डेटिङ एप र पोर्न श्रव्य-दृश्यहरूमार्फत् उनीहरूको यौनिकताको अन्वेषण गर्ने, परिक्षण गर्नेर अभिव्यक्त गर्ने गरेका छन्। एकदमै पितृसत्तात्मक र विषमयौनिक चरित्र हावी भएको नेपाली समाजमा डिजिटल थलोहरूमा यौनिक अभिव्यक्ति दिँदा विषमयौनिक पहिचान जनाउने सहभागीहरूको तुलनामा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सहभागीहरूले बढी अस्वीकृत हुनु परेको र तिनै थलोहरूमा यौन-आनन्दको खोजी पनि गर्नुपरेको छ।

सर्भे सहभागी अधिकांशले दैनिक रुपमा इन्टरनेट चलाउने गरेका छन् र उनीहरूले इन्टरनेटका लागि सामाग्रीहरू समेत दैनिक, साप्ताहिक वा महिनापिच्छे निर्माण गर्ने गरेका छन्। सर्भेको नतिजाले देखाउँछ, भिन्न लैंगिक पहिचान र यौन अभिभुखीकरण पृष्ठभूमि भएका व्यक्तिहरू इन्टरनेटमा उपलब्ध सामाग्रीहरू प्रयोग गर्ने निष्क्रिय उपभोक्ता मात्रै हैनन्, आफैले सामाग्रीहरू निर्माण गर्ने सक्रिय सहभागी पनि हुन्। अझ, तथ्याङ्कले देखाउँछ, इन्टरनेट सामाग्री नबनाउनेहरूका लागि समेत स्व-अभिव्यक्तिको लागि इन्टरनेट उत्तिकै महत्वपूर्ण छ।

व्यक्तिले इन्टरनेट र प्रविधिमा पहुँच राख्नुको अर्थ इन्टरनेट प्रयोगमा पूर्ण स्व-नियन्त्रण राख्नु र अनलाइनमा स्व-अभिव्यक्त हुन पूर्ण रुपमा स्वतन्त्र हुनु हो भन्ने होइन। सर्भेको नतिजाले देखाउँछ, सर्भे सहभागीहरू अधिकांशको लैंगिकता र यौन अभिमुखीकरण पृष्ठभूमिले उनीहरूको इन्टरनेट प्रयोगमा असर पुर्याएको थियो। यस्तो असर ब्यहोर्नेमा त्याचलैंगिक पुरुषभन्दा त्याचलैंगिक महिला र यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सहभागीहरू बढी रहेका थिए। त्यस्तैगरी, इन्टरनेटलाई फरक लैंगिकता र यौनिक पहिचान भएका मानिसहरूबारेको बुझाई र विचार निर्माण गर्न सघाउने एक महत्वपूर्ण माध्यमको रुपमा पनि सहभागीहरूले लिएको पायौं।

स्व-अभिव्यक्तिको लागि इन्टरनेट महत्वपूर्ण छ भन्ने कुरामा अधिकांश सहभागीहरूको विश्वास छ। उनीहरूले आफूलाई अनलाइनमा अभिव्यक्त गर्ने सक्ने क्षमता र आफ्नो समुदाय खोज्ने, सामाजिक रुपमा अस्वीकृत र बन्देज लगाइएका विषयहरूमा समेत जानकार हुने/रहने कुरालाई महत्व दिएका छन्। पहिचान नखुलाउने वा अज्ञातपनको विषय उनिहरूमाझ बारम्बार उठ्ने एउटा चर्चाको विषय हो। धेरै सहभागीहरूले व्यक्तिगत विवरण वा निजी अभिव्यक्तिहरू अनलाइनमा नराखेर अज्ञात रहन रुचाएको पायौं।

सर्भे सहभागीहरू धेरैले अनलाइन हिंसा भोगेको भएपनि उनीहरूमध्ये अधिकांशले इन्टरनेट चलाउँदाको अनुभवलाई सुखद मानेका थिए। अनलाइन हिंसा उनीहरूको एउटा साझा भोगाई हो। जसमा अनिच्छित यौनजन्य सामाग्रीहरू प्राप्त गर्ने र अपमानजनक टिकाटिप्पणीहरू खेप्ने जस्ता घटना सबैजसोको साझा अनुभव थियो। धेरै सहभागीहरूले बहुस्वरुपका हिंसा पनि खेपेका थिए। यद्यपि, सहभागीहरूमध्ये उल्लेख्य संख्याले कुनै न कुनै हिसाबले त्यस्ता हिंसाको विरोध पनि गरेका थिए चाहे त्यो सोचीसम्झी बेवास्ता गरेको होस् वा सोझै उजुरी दिएर वा आवाज उठाएर होस्। यौन अभिमुखीकरणको आधारमा खुट्याउँदा, यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सहभागीहरूले 'कानूनी सहायता' लिने बाहेकका सबैजसो उपायहरू अपनाएको पायौं। जसको अर्थ हो- उनीहरूलाई यो देशको कानूनी व्यवस्थाप्रति भरोसा छैन र राज्यले पनि उनीहरूलाई विश्वस्त पार्न सकेको छैन।

अनुसन्धानबाट प्राप्त नतिजामा आधारित भई सबैका लागि सुरक्षित र सुनिश्चित हुने, विविध व्यक्तिहरूले आफूलाई

24 Feminists Principles of the Internet. (2016).https://feministinternet.org/sites/default/files/Feminist_principles_of_the _internetv2-0.pdf

अभिव्यक्त गर्न र रमाउन सक्ने खालको नारीवादी इन्टरनेट निर्माणका लागि हाम्रा केही सुझावहरू छन्।

१. अनलाइन हिंसा, गोपनियता र सहमतिसम्बन्धी जागरुकता र जनचेतनामा परिमार्जन र सुधारः नेपालमा मोबाइल फोनको प्रयोगमा बृद्धि भएसँगै इन्टरनेट प्रयोगमा पनि बृद्धि भइरहेको छ। डिजिटल प्रविधिहरूको अधिक प्रयोग र गोपनीयता र सहमतिजस्ता डिजिटल अधिकारहरूबारे सचेतनाका लागि नेपालका नागरिकहरूलाई डिजिटल साक्षरता कार्यक्रमहरूको खाँचो छ।

२. महिला र यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको स्व-अभिव्यक्ति र यौनिक अभिव्यक्तिको सम्मानः सामाजिक मूल्य-मान्यताभित्रै वा त्यसभन्दा बाहिर रहेरै गरिने अनलाइन अभिव्यक्तिहरूलाई अभिव्यक्तिको वैधानिक रुपमा मानेर समाज र सामाजिक संस्था/निकायहरूले त्यसलाई प्रोत्साहन गर्नुपर्दछ।

३. महिलाविरुद्ध अनलाइन अपराधको मुद्दा चलाउन पेनल कोडले राखेको प्रस्ताव खारेजीः अनलाइन हिंसा हरेक उमेर समूह, लैंगिकता र यौन अभिमुखीकरण भएकाहरू माझ व्याप्त छ र अफलाइन दुनियाँमा हुने सबैखालका हिंसाहरू अनलाइनमा प्रतिबिम्बित हुने कुरालाई पनि जोड दिनैपर्छ। व्यक्तिको अनलाइन अभिव्यक्तिमा नियन्त्रण गर्ने संरक्षणवादी मान्यता नलादीकन पीडित, अधिवक्ता र अभियन्ताहरूले कानूनी आधार पाउने वा कानूनको साहारा लिन सक्ने हुनुपर्छ।

४. अफलाइन नारीवादी सञ्जालहरू (जस्तैः #मीटु) शसक्त ढंगले खडा गरी अनलाइन थलोहरूमा हुने संवादलाई विश्वभर विस्तार गर्नेःनेपालको अनलाइन दुनियाँमा फरकपन ल्याउनको लागि सशक्त अफलाइन सञ्जाल र संघसंगठनहरूको खाँचो छ। अनलाइन थलोहरूले प्रतिरोधको कदम थाल्ने अवसर दिन सक्छ, जसको अफलाइनसँग अनिवार्य सम्बन्ध र ऐक्यबद्धता रहन्छ। त्यस्तो सम्बन्ध र ऐक्यबद्धताले नारीवादी इन्टरनेट हासिल गर्नेतर्फ हामी कति सवल बन्न सक्छौ भन्ने कुराको निर्धारण गर्छ।

सबै आवाजहरूका लागि समावेशी र सम्मानजनक इन्टरनेट बनाउनको लागि हामीले अझै नेपालका सीमान्तीकृत समूहहरूको अनुभवहरूको खोज-अनुसन्धान गर्नु जरुरी छ। ती समूहहरूमा भिन्न-भिन्न सामाजिक आन्दोलनभित्रै र त्यसबाहिरका दलित, विविध लैंगिकता र यौनिक पहिचान भएका मानिसहरू, आदिवासी जनजाति र अपाङ्गता भएका समुदायका व्यक्तिहरू समावेश हुनु आवश्यक छ।

# अनूसुची

## दक्षिण एसियास्तरीय क्षेत्रीय अनुगमन सर्वेक्षण नमुना

कृपया सर्वेक्षण फारम भर्नुअघि दिएको निर्देशनहरु ध्यानदिएर पढ्नु होलाः

क) यो सर्वेक्षणको उद्देश्य मानिसहरुले इन्टरनेटलाई (कुनै पनि उपकरणमा ) आफ्नो काम, व्यक्तिगत जीवन, अभियान इत्यादिहरुमा कसरी प्रयोग गर्छन् भन्ने कुरालाई गहिरो रुपमा बुझ्नु हो ।

ख) सम्पूर्ण प्रतिक्रियाहरु अज्ञात र गोप्य राखिने छ । केही प्रश्नहरु वैकल्पिक छन् । यदि सर्वेक्षण फारम भर्न केही कठिनाई पर्न गएमा सहयोगको लागि हामीलाई सम्पर्क गर्नु होला ।

ग) यी प्रश्नहरुको उत्तर दिन तपाईंले दिनुभएको समयको लागि हामी आभारी छौँ । तपाईंका सम्पूर्ण उत्तरहरुले तपाईको इन्टरनेट उपयोगितालाई बुझ्न सहयोग पुराउने छ । हामी इन्टरनेट, लैंगिकता र यौनिकतासम्बन्धी देश र क्षेत्र विशेष प्रतिवेदन तयार पार्दैछौं, जसबाट यस विषयसम्बन्धी तपाईको देश र क्षेत्र विशेष जानकारी दक्षिण एसियामा आदान–प्रदान हुनेछ ।

घ) यो सर्वेक्षेण फारम भर्न करिब २५ देखि ३० मिनेट लाग्नेछ ।

ङ) यो सर्वेक्षण बङ्गलादेश, नेपाल र श्रीलंकाका नागरिकहरुमा मात्र लागू हुनेछ ।

यो सर्वेक्षेणमा सहभागी हुन समय दिनुभएकोमा धन्यवाद !

## परिवेश

**स्थान र ठेगानाः**

- बङ्गलादेश
- नेपाल
- श्रीलंका

**तपाई कुन पेसा तथा व्यावसायमा संलग्न हुनुहुन्छ ?**

- गैर (सरकारी संस्था)
- शैक्षिक तथा अनुसन्धान संस्था
- विद्यार्थी
- स्वतन्त्र र स्वाधीन पेसाकर्मी
- कलाकार
- मानवअधिकार अभियान्ता र वकालतकर्ता
- सरकारीसंस्था र क्षेत्र
- अन्य (कृपया उल्लेख गर्नुस्) :

**३. उमेर (वैकल्पिक)**

**४. तपाई (उचित सबैलाई चिन्ह लगाउनुहोस् )**

***लैङ्गिक पहिचान *:***

- त्याचलिङ्गी महिला
- त्याचलिङ्गी पुरुष
- पारलिङ्गी महिला
- पारलिङ्गी पुरुष
- अन्तर्लिङ्गी
- गैर–द्वयसांखिक
- लैङ्गिक क्र्येर / गैरानुरूप लिङ्गी
- उल्लेख गर्न चाहन्न
- आफै लेख्न चाहन्छु
- अन्य (कृपया उल्लेख गर्नुहोस् ):

***यौन अभिमुखिकरणः***

- विषम यौनिकता  र विपरीत लिङ्गसँग आकर्षित हुने
- समलिङ्गी पुरुष र पुरुष–पुरुषबीचको यौन आकर्षण
- समलिङ्गी महिला र महिला महिलाबीचको यौन आकर्षण
- द्वयौनिक
- क्र्येर
- उल्लेख गर्न चाहन्न
- आफै लेख्न चाहन्छु
- अन्य (कृपया उल्लेख गर्नुहोस्) :

***इ)	अन्यः***

- अपाङ्गता भएको
- जातीय अल्पसङ्ख्यक
- आदिवासी जनजाति
- प्रवासी
- सीमान्तकृत जाति
- सीमान्तकृत वर्ग
- उल्लेख गर्न चाहन्न
- आफै लेख्न चाहन्छु
- अन्य (कृपया उल्लेखगर्नुहोस्):

**५)	ई–मेल र सम्पर्क (वैकल्पिक):**

**६)	बोल्ने भाषाः**

**७)	इन्टरनेटमा प्रयोग गर्ने भाषाः**

# पहुँच

**तपाई इन्टरनेट कहाँ प्रयोग गर्नुहुन्छ? (उपयुक्त विकल्पहरु सबैमा चिन्ह लगाउनुहोस् ।)**

- घर
- कार्यालय
- यात्रा गर्दा
- साइबर क्याफे
- अन्य

**इन्टरनेट चलाउनको लागि तपाई प्राय कुन साधन प्रयोग गर्नुहुन्छ ?**

- डेस्कटप कम्प्युटर
- ल्यापटप कम्प्युटर
- मोबाईल फोन
- ट्याब्लेट
- अन्य

**तल उल्लेखित कुराहरुलाई तपाईको सीपअनुसार १ देखि १० सम्ममा मूल्याङ्कन गर्नुहोस् ।(यहाँ, १० ले सहजै गर्नसक्छु र १ ले पहिले कहिलेपनि गरेको छैन भन्ने बुझाउँछ ।)**

- वेवसाइट बनाउन सक्छु ।
- कोडिङ गर्न सक्छु ।
- सर्च ईन्जिन प्रयोग गर्न सक्छु ।(जस्तैः गुगल)
- सामाजिक संजालमा सहभागी हुन सक्छु ।
- ब्लग तयार गर्न सक्छु ।
- इन्टरनेटका विभिन्न फोरम र समूहहरुमा सहभागी हुन सक्छु ।

**प्रश्न ९मा उल्लेख गरिएको विधुतीय साधनहरुजस्तैः फोन, ल्यापटप इत्यादि माथि तपाईको आफ्नो नियन्त्रण कत्तिको छ ? ( उपयुक्त विकल्पहरु सबैमा चिन्ह लगाउनुहोस् ।)**

- पूर्ण नियन्त्रण : यी साधनहरुमा मेरो स्वामित्व छ ।/ यी साधनहरु अरुसँग बाँड्दिन ।/ यी साधनहरु प्रयोग गर्न मैले अनुमति लिनु पर्दैन ।)
- केही हदसम्म नियन्त्रण
- नियन्त्रण छैन (यी साधनहरुमा मेरो स्वामित्व छैन।/ यी साधनहरु म् अरुसँग बाँड्छु ।/ यी साधनहरु प्रयोग गर्न मैले अनुमति लिनुपर्छ।)

**कुनै पनि मोबाईल एप्लिकेसन र अप्स वा कम्प्युटर सफ्टवेयर स्थापना गर्नुभन्दा अघि त्यसको सर्त तथा व्यवस्थाहरुलाई तपाई कत्तिको पढ्नु हुन्छ ?**

- सधैँ
- प्रायः
- कहिलेकाहीं
- कहिले पनि पढ्दिनँ

## प्रयोग

**के तपाईको लैङ्गिक पहिचानले तपाईको इन्टरनेट प्रयोग गर्ने तरिकामा असर पारेको छ?**
अवश्य / कहिलेकाहीँ / खासै छैन / मलाई थाहा छैन

**के तपाईको यौनिक पहिचानले तपाईको इन्टरनेट प्रोयोग गर्ने तरिकामा असर पारेको छ?**
अवश्य / कहिलेकाहीँ / खासै छैन / मलाई थाहा छैन

**के इन्टरनेटको प्रयोगले तपाईको लैङ्गिक र यौनिक पहिचानप्रतिको बुझाइमा असर परेको छ ?**
अवश्य / कहिलेकाहीँ / खासै छैन / मलाई थाहा छैन

**के इन्टरनेटको प्रयोगले फरक लैङ्गिक र यौनिक पहिचान भएका व्यक्तिहरुप्रतिको तपाइको** दृष्टिकोणमा असर पारेको छ ?
अवश्य / कहिलेकाहीँ / खासै छैन / मलाई थाहा छैन

## अभिव्यक्ति

**तपाईको आफ्नो स्वःअभिव्यक्तिको लागि इन्टरनेट कत्तिको महत्वपूर्ण छ ? १ देखि १०भित्र आफुलाई मूल्यांकन गर्नुहोस् ।(यहाँ, १० ले अति महत्वपूर्ण र १ ले महत्वहीन भन्ने जनाउछ ।) कृपया कारण खुलाउनुहोस् ।**

**तपाई इन्टरनेट धेरैजसो के प्रयोजनको लागि प्रयोग गर्नुहुन्छ? (उपयुक्त विकल्पहरु सबैमा चिन्ह लगाउनुहोस् ।)**

- काम – सधैँ , कहिलेकाहीँ, थोरै मात्रामा , कहिले पनि गर्दिनँ
- अध्ययन तथा अनुसन्धान – सधैँ , कहिलेकाहीँ, थोरै मात्रामा , कहिले पनि गर्दिनँ
- जीविकोपार्जन – सधैँ , कहिलेकाहीँ, थोरै मात्रामा , कहिले पनि गर्दिनँ
- प्रेमसम्बन्ध ÷डेट गर्न – सधैँ , कहिलेकाहीँ, थोरै मात्रामा , कहिले पनि गर्दिनँ
- च्याटिङ्ग ÷ सधैँ , कहिलेकाहीँ, थोरै मात्रामा , कहिले पनि गर्दिनँ
- फोन गर्न – सधैँ , कहिलेकाहीँ, थोरै मात्रामा , कहिले पनि गर्दिनँ
- बैंक तथा वित्तीय कारोबार गर्न – सधैँ , कहिलेकाहीँ, थोरै मात्रामा , कहिले पनि गर्दिनँ
- यौनिक तथा शारीरिक सम्बन्ध सम्बन्धित कुराकानी गन सधैँ , कहिलेकाहीँ, थोरै मात्रामा , कहिले पनि गर्दिनँ
- यौनजन्य सामग्री / चलचित्र – सधैँ , कहिलेकाहीँ, थोरै मात्रामा , कहिले पनि गर्दिनँ
- गेम खेल्न – सधैँ , कहिलेकाहीँ, थोरै मात्रामा , कहिले पनि गर्दिनँ
- सामाजिक संजाल– सधैँ , कहिलेकाहीँ, थोरै मात्रामा , कहिले पनि गर्दिनँ
- यौन तथा प्रजनन स्वास्थ्य लगायतका स्वास्थ्यसम्बन्धी जानकारी लिन(गर्भावस्था र महिनावारी सम्बन्धी अप) – सधैँ , कहिलेकाहीँ, थोरै मात्रामा , कहिले पनि गर्दिनँ
- भिडियो स्ट्रिमिङ – सधैँ , कहिलेकाहीँ, थोरै मात्रामा , कहिले पनि गर्दिनँ
- ब्लग – सधैँ , कहिलेकाहीँ, थोरै मात्रामा , कहिले पनि गर्दिनँ

- मञ्च / फोरम–सधैँ , कहिलेकाहीँ, थोरै मात्रामा , कहिले पनि गर्दिनँ
- ई–मेल – सधैँ , कहिलेकाहीँ, थोरै मात्रामा , कहिले पनि गर्दिनँ
- मेसेजिंग अप्स ÷सुचना आदान–प्रदान – सधैँ , कहिलेकाहीँ, थोरै मात्रामा , कहिले पनि गर्दिनँ
- यौन-आनन्द – सधैँ , कहिलेकाहीँ, थोरै मात्रामा , कहिले पनि गर्दिनँ
- सर्च ईञ्जिन प्रयोग गर्न, जस्तैःगुगल–सधैँ , कहिलेकाहीँ, थोरै मात्रामा , कहिले पनि गर्दिनँ
- अन्य (कृपया उल्लेख गर्नुहोस्) :

**निम्न आधारमा तपाईको इन्टरनेट प्रयोगलाई देखाउनुहोसः**

***इन्टरनेटमा रहेको सामग्रीको उपभोक्ताको रुपमा***

- दैनिक
- साप्ताहिक
- महिनामा एक पटक
- कहिलेकाहीँ
- कहिले पनि गर्दिनँ

***इन्टरनेटमा रहेको सामग्री उत्पादनकार्ताको रुपमा (ब्लगस, भ्लगस, मिमस, कोड ,इत्यादि ):***

- दैनिक
- साप्ताहिक
- महिनामा एक पटक
- कहिलेकाहीँ
- कहिले पनि गर्दिनँ

**तलका प्रश्नहरुलाई तपाईको अनुभवको आधारमा मूल्यांकन गर्नुहोस् ।**

***मानिसहरु इन्टरनेटमा छलफल/ वादविवाद गर्न सहभागी र संलग्न हुन्छन् ।***

अवश्य / कहिलेकाहीँ / खासै हैन / मलाई थाहा छैन

***इन्टरनेटले म मानिसहरुलाई सजिलै भेटाउन सक्छु।***

अवश्य / कहिलेकाहीँ / खासै हैन / मलाई थाहा छैन

***इन्टरनेटमा म त्यस्ता विषयहरुको जानकारी पाउन सक्छु जुन समाजले अस्वीकार गरेको/ समस्याजनक मानेको छ ।***

अवश्य / कहिलेकाहीँ / खासै हैन / मलाई थाहा छैन

***इन्टरनेटमा केवल महिलामात्र दुर्व्यवहारमा पर्छिन् ।***

अवश्य / कहिलेकाहीँ / खासै हैन / मलाई थाहा छैन

***अफलाइनमा देखिने हिंसाहरु इन्टरनेटमा पनि दोहोरिएको देखिन्छ ।***

अवश्य / कहिलेकाहीँ / खासै हैन / मलाई थाहा छैन

**तपाईले तलकामध्ये कुनै कुराहरु अनुभव गर्नुभएको छ? (वैकल्पिक)**

- यौनिक तथा शारीरिक हिंसाका धम्की लगायत हिंसामूलक प्रत्यक्ष धम्की (जस्तैः 'म तँलाई बलात्कार गर्दिन्छु ।' भन्ने खालका धम्कीहरु )
- अपमानजनक टिप्पणी
- बिना सहमति/अनावश्यक तरिकाबाट यौनजन्य सामाग्रीहरु पाउनु
- लक्षित अपमानजनक / घृणापूर्ण सामाजिक संजालमा/ ई–मेलमा अभिव्यक्ति (हेट स्पीच)
- यौनिक / र वा लैङ्गिक विभेदयुक्त टिप्पणी वा शब्दहरुको प्रयोग गर्ने वा नाम काट्ने
- अनाधिकृत पहुँच र पहुँचमा नियन्त्रण
- बिनाअनुमति गोप्य जानकारीहरु प्रशारण वा प्रकाशन गर्नु
- महिलालाई नराम्रो देखाउन असभ्य वा हिंस्रक तस्बिर प्रयोग गर्ने
- महिलाले समाजिक मापदण्ड बाहिर गई आफ्नो धारणा व्यक्त गरेको, अन्य व्यक्तिप्रति असहमति जनाएको/ र वा यौनजन्य फाइदा उठाउने कुराको विरोध गरेको कारण दुर्व्यवहार / र वा लज्जित तुल्याउने प्रयास गर्नु
- केटी / महिलाको लिङ्गको आधारमा हत्या गर्न वकालत गर्नु
- कसैको पहिचान चोरी गर्नु/ ईम्पर्शुनेशन र आईडिण्टिटि थेफ्ट
- कसै लक्षित हैरानी गर्न वा दुर्व्यवहार गर्नु लगायत साथै गुठ बनाउने ।

**तपाईले तलकामध्ये कुनै कुराहरुमा सहभागी हुनुभएको छ? (वैकल्पिक)**

- यौनिक तथा शारीरिक हिंसाका धम्की लगायत हिंसामूलक प्रत्यक्ष धम्की (जस्तैः 'म तँलाई बलात्कार गर्दिन्छु ।' भन्ने खालका धम्कीहरु )
- अपमानजनक टिप्पणी
- बिना सहमति/अनावश्यक तरिकाबाट यौनजन्य सामाग्रीहरु पाउनु
- लक्षित अपमानजनक / घृणापूर्ण सामाजिक संजालमा/ ई–मेलमा अभिव्यक्ति (हेट स्पीच)
- यौनिक / र वा लैङ्गिक विभेदयुक्त टिप्पणी वा शब्दहरुको प्रयोग गर्ने वा नाम काट्ने
- अनाधिकृत पहुँच र पहुँचमा नियन्त्रण
- बिनाअनुमति गोप्य जानकारीहरु प्रशारण वा प्रकाशन गर्नु
- महिलालाई नराम्रो देखाउन असभ्य वा हिंस्रक तस्बिर प्रयोग गर्ने
- महिलाले समाजिक मापदण्ड बाहिर गई आफ्नो धारणा व्यक्त गरेको, अन्य व्यक्तिप्रति असहमति जनाएको/ र वा यौनजन्य फाइदा उठाउने कुराको विरोध गरेको कारण दुर्व्यवहार / र वा लज्जित तुल्याउने प्रयास गर्नु
- केटी / महिलाको लिङ्गको आधारमा हत्या गर्न वकालत गर्नु
- कसैको पहिचान चोरी गर्नु/ ईम्पर्शुनेशन र आईडिण्टिटि थेफ्ट
- कसै लक्षित हैरानी गर्न वा दुर्व्यवहार गर्नु लगायत साथै गुठ बनाउने ।

**इन्टरनेटमा हुने हिंसाप्रति तपाईको प्रतिक्रिया के थियो ?(वैकल्पिक )**

- माध्यममा उजुरी गरेँ । (जस्तैः फेसबुक, गुगल)
- वेवास्था गरेँ ।
- प्रतिकार गरेँ ।
- कानुनी प्रक्रियाबाट उजुरी गरेँ ।
- अन्यः

**के तपाईले अरु कसैसँग यसबारे कुरा गर्नुभयो ?(वैकल्पिक )**

- गरेँ
- गरिँन

**तपाईको इन्टरनेट प्रयोगको अनुभवलाई स्व–आनन्दको आधारमा १ देखि १० मा मूल्यांकन गर्नुहोस् ।(१० ले धेरै आनन्द भन्ने जनाउँछ ।)**

**तपाईले प्रयोग गर्ने इन्टरनेट प्रयोगको मध्यमहरुमध्ये सबैभन्दा धेरै अभिव्यक्ति गर्ने अवसर कुन मध्यमले दिन्छ ? छोटकरीमा उत्तर दिनुहोस् ।**

## सम्पर्कको लागि

**के तपाई हामीसंग तपाईको इन्टरनेट प्रयोगको अनुभवबारे अझै धेरै कुरा गर्न चाहनु हुन्छ? यदि चाहानु हुन्छ भने, कृपया तपाईसंग सम्पर्कहुने माध्यम उपलब्ध गराई दिनुहोस् ।**

## परिभाषा

* लैङ्गिक पहिचानः यदि तपाई आफुले जन्मँदा देखि पाएको लैङ्गिक पहिचानलाई नै आफ्नो लैङ्गिक परिचयको रुपमा प्रयोग गर्नु हुन्छ भने,तपाईले त्याचलिङ्गी महिला/ त्याचलिङ्गी पुरुष छान्न सक्नु हुन्छ।

इदि तपाई आफुले जन्मँदा देखि पाएको लैङ्गिक पहिचानभन्दा फरक लैङ्गिक पहिचान प्रयोग गर्नु हुन्छ भने तपाई पारलिङ्गी महिला/ पारलिङ्गी पुरुष छान्न सक्नु हुन्छ। यदि माथिकामध्ये कुनै पनि छान्ने चाहनु हुन्न भने तपाई आफुलाई चिनाउनु उल्लेख गर्न नचाहने वा अन्य विकल्प छान्न सक्नु हुन्छ ।

* दुर्व्यवहार: दुर्व्यवहार उत्पीडनले बृहत् व्यवहारलाई समेट्छ जुन कसैको लागि अपमानजनक अथवा कसैलाई धम्काउनु वा हानी पुरायाउने हुन सक्छ ।

* इन्टरनेटमा गाील बेइज्जति र साइबर बुलिंगः त्यस्ता कार्य जसमा कुनै प्रविधिको प्रयोग गरेर दुर्व्यवहार गर्नु/ धम्काउनु वा निरन्तर अनावश्यक सन्देश, हस्तक्षेप/ र वा सम्पर्क गर्नु हो।

* पहिचान लक्षित गरेर बारम्बार घृणापूर्ण अभिव्यक्ति (हेट स्पीच) : कुनै निश्चित जाति, समुदाय, धर्म, लैङ्गिक पहिचान वा यौनिकता केन्द्रित वाक्य वा अभिव्यक्तिहरु हो।

*महिला हत्याः अन्तराष्ट्रियरुपमा महिला तथा बालिकाहरुको महिला भएकै कारणले हुने हत्या भनेर बुझिन्छ। तर, बृहत्रुपमा परिभाषित गर्दा महिला र बालिकाहरुको हरेक खालको हत्यालाई जनाउछ।

(उल्लेखित परिभाषाहरु अन्तर्लिङ्गी व्यक्तिहरुको लागि समावेशी नहुन सक्छ ।)

## इन्टरनेट अनुभव गरिरहेका पहिचानहरु: नेपाल सर्भेक्षण प्रतिवेदन

Body & Data

बडी एण्ड डाटा नेपालमा डिजिटल अधिकार सम्बन्धि काम गर्ने संस्था हो जसले महिला र क्व्येर व्यक्तिहरुको अभिव्यक्ति, स्वायत्तता र एजेन्सीका लागि उपयुक्त उपाय/रणनीतिहरु प्रदान गरी डिजिटल स्थानहरुमा उनीहरुको संलग्नता बढाउने लक्ष्य राखेको छ।

**bodyanddata.org**